# अध्याय एक

# शोधपरिचय

## १.१ अध्ययनको पृष्ठभूमि

मानिस एक सामाजिक प्राणी भएकाले समाजमा सामाजिक भूमिका निर्वाह गर्नका साथै विभिन्न विचारहरूको आदानप्रदान गर्न भाषाको आवश्यकता पर्दछ । भाषा मानवका विचार, अनुभव, अनुभूति सम्प्रेषणका निम्ति प्रयोग गरिने माध्यम हो । यसको मुख्य कार्य विचारहरूको आदान प्रदान तथा विनिमय गर्नु हो । भाषा आर्जन व्यक्तिले सबैभन्दा पहिले घर परिवारबाट शुरु गर्छ त्यसपछि समाज र विद्यालयको शिक्षाबाट सिक्दछ । भाषामा विचार विनिमय विभिन्न तरिकाले भए पनि भाषिक सङ्केत र अर्थधारी भाषिक अभिव्यक्तिबाट गरिने विचारको विनिमय नै प्रभावकारी हुन्छ । साथै भाषिक सङ्केतका आधारमा भाषाको स्तरीय, मानक र व्यवस्थित प्रयोगका लागि भाषाका आधारभूत सिपहरू ( सुनाइ, बोलाइ, पढाइ र लेखाइ) मा सक्षमता हासिल गर्न अत्यावश्यक छ । सिकारुमा भाषिक सिपको विकास गर्नका लागि नमुना पाठ्यपुस्तकमा भएका विधाहरू (कविता, कथा, निबन्ध र चिठी) ले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । भाषिक सिकारुलाई भाषिक बोध र अभिव्यक्ति कलामा कुशल बनाउनका लागि शिक्षक र विद्यार्थीहरूका बिचमा हुने सम्पूर्ण भाषिक क्रियाकलापहरूको सारथी भन्नु नै भाषा शिक्षा हो । कुनै पनि विषय सिकारुलाई सिकाउनका लागि तयार पारिएको सिकाइको योजना नै पाठ्यक्रम हो । जसले सिकाइका लागि मार्गनिर्देशन गर्दछ, सोही पाठ्यक्रमका आधारमा निर्माण गरिने सिकाइको महत्त्वपूर्ण सहयोगी सामग्री नै पाठ्यपुस्तक हो । शैक्षिक संस्थाद्वारा निश्चित कक्षा वा तहमा कुनै खास विषयगत उद्देश्य हासिल गर्न सरलीकृत र सङ्गठित पुस्तकका रूपमा कक्षाकोठामा उपयोगमा ल्याइने पाठ्यसामग्रीलाई पाठ्यपुस्तक भनिन्छ (पौडेल, २०६६ : ६५) । पाठ्यपुस्तकलाई साध्य नभइ साधनका रूपमा लिइन्छ । जसले पाठ्यक्रमले राखेको उद्देश्यहरू पूरा गर्नका लागि सामग्रीहरूको सङ्कलन गरी व्यवस्थित रूपमा समायोजन गरेको हुन्छ ।

पाठ्यक्रम पाठ्यपुस्तकको मेरुदण्ड हो । पाठ्यक्रमविना पाठ्यपुस्तकको निर्माण हुन सक्दैन । पाठ्यक्रममा बालबालिकाको सर्वाङ्गीण विकासका लागि विद्यालयभित्र र बाहिरका

अनुभवहरू समेटिएका हुन्छन् । कुनै पनि तहको औपचारिक अध्ययनको प्रमुख साधन पाठ्यक्रम भएकाले पाठ्यक्रममा समावेश गरिएका पाठ्यपुस्तकमा आधारित सामग्रीहरूको लिखित संरचना तयार गरेर पाठ्यपुस्तक निर्माण गरिन्छ । विद्यार्थीको क्षमता, उपलब्ध शैक्षिक सामग्री प्रयोग गर्न सकिने शिक्षण विधि, विद्यार्थीको मनोवैज्ञानिक पक्षमाथि विचार पुऱ्याइ पाठ्यपुस्तक निर्माण गरिएको हुन्छ । स्वभावैले मानव जातिका नवीन कुराको खोजीमा सृष्टिकालदेखि नै लागेको पाइन्छ । यही नवीनताको खोजीसँगै मानव सभ्यताको विकास हुँदै आजको भौतिक युगसम्म आइपुगेको हो । सोही मानवको खोजी गर्ने स्वभावले अनुसन्धानको विकास भएको हो । अनु + सम् + धा+ अन मिलेर अनुसन्धान शब्द निर्माण भएको छ । यसको वास्तविक अर्थ कुनै विचार वा धारणाका सम्बन्धमा 'राम्ररी खोज' गर्नु हो (भट्टराई, २०७३ : १) । यसरी भाषाका बारेमा गरिने भाषिक अनुसन्धानका पनि धेरै पक्ष भेट्न सकिन्छ । त्यसमध्येको एक भाषिक अनुसन्धानात्मक पक्ष हो । भाषा पाठ्यक्रम तथा पाठ्यपुस्तक निर्माण गरिन्छ ।

पाठ्यपुस्तक शिक्षण सिकाइ प्रक्रियाको महत्त्वपूर्ण साधन हो । पाठ्यक्रमले निर्धारित उद्देश्य तथा सिकाइ उपलब्धिलाई पाठ्यवस्तुमा रूपान्तरण गरिसकेपछि पाठ्यवस्तुका क्षेत्र र क्रमका आधारमा विद्यार्थीको क्षमता, उपलब्धि स्तर तथा रुचिसँग मेल खाने गरी तयार पारिएको विस्तृत पाठ्यसामग्रीलाई पाठ्यपुस्तक भनिन्छ । भाषिक क्षमताको आधारमा विषयवस्तुको ज्ञान र सिपमा वृद्धि हुनाले भाषा शिक्षण शिक्षाको आधारभूत शिक्षण पनि हो । भाषा पाठ्यपुस्तकमा भाषाका चारवटा सिप विकासका लागि उपयोगी हुने विभिन्न विधा तथा उपविधाहरूका साथै सिर्जनात्मक अभ्यास समावेश गरिएको हुन्छ । भाषा पाठ्यक्रम भाषा शिक्षण सिकाइको सैद्धान्तिक दस्तावेज हो भने भाषा पाठ्यपुस्तक पाठ्यक्रमका सैद्धान्तिक कुराहरूलाई व्यावहारिक कार्यकलाप वा प्रक्रियामा ढालेर उद्देश्य पूर्ति गर्न सहयोग पुऱ्याउने भरपर्दो सामग्री हो (पौडेल, २०६९ : २६३) । योजनावद्ध ढङ्गले सम्बन्धित क्षेत्रका विशेषज्ञहरूको सहयोगबाट तयार पारिएको पाठ्यपुस्तकलाई सबभन्दा आधिकारिक सामग्री मानिन्छ (२०६७ : १९७) । भाषाका पाठ्यपुस्तकबाट शिक्षार्थीहरूमा स्तर अनुकूल भाषाको विकास गर्नका लागि सोही अनुरूपका विषयवस्तु उपयोग गरी विभिन्न विधामा लेखिएका पाठ्यसामग्रीहरू प्राप्त हुन सक्छ (अधिकारी, २०६७ : २८९) ।

यसप्रकार पाठ्यपुस्तक शिक्षण सिकाइका उद्देश्य पूर्णार्थ तयार पारिएको सामग्री हो । जसको निर्माण पाठ्यक्रमको परिधिभित्र रहेर गरिएको हुन्छ ।

प्रस्तुत शोध कक्षा चारको नेपाली विषयको नमुना पाठ्यपुस्तक निर्माण कार्यमा केन्द्रित रहेको छ ।

विद्यार्थीले ज्ञान सिप र अनुभवसँग सम्बन्धित कुराहरू बुझ्न र जानेका कुरा प्रभावकारी र बोधगम्य ढङ्गले व्यक्त गर्न भाषा शिक्षणको आवश्यकता पर्दछ । यस्ता शिक्षणको आधार भनेको पाठ्यक्रम र पाठ्यपुस्तक नै हुन् । मूल रूपमा भाषिक सिप सुनाइ, बोलाइ, पढाइ र लेखाइको अभ्यास गराउने दृष्टिले भाषा पाठ्यपुस्तकको निर्माण गरिन्छ । अतः विद्यार्थीको स्तर, तह, रुचि र क्षमताअनुकूल पाठ्यक्रमका उद्देश्य पूरा हुने खालका पाठ्यपुस्तकको निर्माण गरिएको छ ।

## १.२ समस्याकथन

प्रस्तुत शोधकार्यमा देहाय बमोजिमका कुराहरूलाई समस्याका रूपमा अगाडि उल्लेख गरिएको छ ।

(क) कक्षा चारको नेपाली पाठ्यपुस्तकका लागि कुन कुन विधाका नमुना पाठ छनोट गर्न सकिन्छ ?

(ख) कक्षा चारको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट हुने पाठहरूलाई कसरी छनोट र स्तरण गर्न सकिन्छ ?

(ग) नमुना पाठभित्र प्रयुक्त विषय प्रकृतिका आधारमा के कस्ता नमुना अभ्यास निर्माण गर्न सकिन्छ ?

## १.३ अध्ययनको उद्देश्य

प्रस्तुत शोधका उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) कक्षा चारको नेपाली पाठ्यपुस्तकका लागि उपयुक्त हुने नमुना पाठ छनोट गर्नु,

(ख) कक्षा चारको नेपाली भाषा पाठ्यपुस्तकमा समाविष्ट हुने पाठहरूको छनोट र स्तरण गर्नु,

(ग) नमुना पाठमा आधारित नमुना अभ्यास निर्माण गर्नु ।

## १.४ अध्ययनको सान्दर्भिकता र उपयोगिता

भाषा पाठ्यक्रम र पाठ्यपुस्तक भाषिक सिप विकासमा तत्पर रहने हुनाले त्यसका आधारमा पाठ्यक्रमको लक्ष्य प्राप्तिका लागि प्रयोगात्मक र ऐच्छिक रूपमा पाठ्यपुस्तकलाई लिइन्छ । प्रस्तुत अध्ययनले पाठ्यपुस्तक निर्माण कसरी गर्दछन् ? पाठ्यक्रमले निर्देशन गरेको उद्देश्य पूरा हुन सक्छ कि सक्दैन ? तहगत र स्तरीय छ वा छैन ? पाठ्यपुस्तकमा हुनपर्ने गुणहरू समावेश छ वा छैन ? बालबालिकाहरूको क्षमता, रुचि, स्तर जस्ता कार्यकलाप र अभ्यासहरू समावेश छन वा छैनन् पाठ्यपुस्तकको निर्माण कार्य र परिमार्जन कार्यको गुणस्तर कस्तो छ ? लगायतका कुराहरूबारे जानकारी लिन यस अध्ययनले महत्त्वपूर्ण भूमिका खेल्दछ ।

प्रस्तुत अध्ययन कक्षा चारको नेपाली विषयको नमुना पाठ्यपुस्तक निर्माणमा प्रस्तुत अध्ययन केन्द्रित भएकाले कक्षा चारका विद्यार्थीहरूलाई उक्त अध्ययनबाट धेरै सहयोग पुग्ने अपेक्षा राखिएको छ । साथै प्रयोगमूलक ढङ्गले अध्ययन गर्न चाहने शिक्षक, विद्यार्थी र अनुसन्धाताहरूका लागि प्रस्तुत अध्ययनको उपादेयता झन बढ्न गएको देखिन्छ ।

पाठ्यक्रममा आधारित रहेर पाठ्यपुस्तक निर्माण गर्ने पाठ्यपुस्तक निर्माता वा लेखकका लागि एउटा सुनिश्चित दृष्टिकोण प्रदान गर्ने प्रस्तुत अध्ययन उचित देखिन्छ । पाठ्यपुस्तकमा रहेका पाठहरूको आवश्यक मूल्याङ्कन, समीक्षा, पृष्ठपोषण र सुझावका रूपमा प्रस्तुत गर्न समेत प्रस्तुत अध्ययनले सहयोग गर्नेछ । कक्षाको शिक्षण सिकाइलाई प्रभावकारी बनाई सफल शिक्षणको रूपमा परिचित गराउनसमेत प्रस्तुत अध्ययनले मद्दत गरेको छ ।

## १.५ अध्ययनको परिसीमा

प्रस्तुत अध्ययन कक्षा चारको नेपाली विषयको नमुना पाठ्यपुस्तक निर्माणमा मूलतः केन्द्रित रहेको छ । अतः प्रस्तुत शोधलाई निम्न अनुसार परिसीमाङ्कन गरिएको छ :

(क) प्रस्तुत अध्ययन कक्षा चारको नेपाली पाठ्यपुस्तकका लागि उपयुक्त हुने नमुना पाठ छनोट गर्नुमा आधारित रहेको छ ।

(ख) कक्षा चारको नेपाली भाषा पाठ्यपुस्तक समाविष्ट हुने पाठहरूको छनोट र स्तरण गर्नुमा आधारित रहेको छ ।

(ग) प्रस्तुत कक्षा चारको नेपाली पाठ्यपुस्तक नमुना पाठ र विषय प्रकृतिका आधारमा नमुना अभ्यास निर्माणमा केन्द्रित रहेको छ ।

## १.६ अध्ययनको रूपरेखा

अध्याय एक : शोधको परिचय

अध्याय दुई : पूर्वकार्यको समीक्षा

अध्याय तीन : शोधविधि र प्रक्रिया

अध्याय चार : व्याख्या तथा विश्लेषण

अध्याय पाँच : सारांश, निष्कर्ष र उपयोगिता

सन्दर्भसूची

परिशिष्ट

व्यक्तिवृत्त

# अध्याय दुई

# पूर्वकार्यको पुनरावलोकन र सैद्धान्तिक अवधारणा

## २.१ पूर्वकार्यको पुनरावलोकन

अनुसन्धानसँग सम्बन्धित त्यसभन्दा अघि सम्पन्न गरिएका कार्यहरूको समीक्षा गर्नु नै पूर्वकार्यको समीक्षा हो । यस शोधप्रस्तावमा नमुना पाठ्यपुस्तक निर्माण अध्ययनसँग सम्बन्धित पूर्वकार्यको समीक्षा वा सोसम्बन्धी भएका प्रयासहरूलाई निम्नअनुसार देखाउन सकिन्छ :

### २.१.१ पुस्तक पुनरावलोकन

प्रस्तुत शोधसँग सम्बन्धित पुस्तकको समीक्षा निम्नानुसार गर्न सकिन्छ :

ढुङ्गेल र अन्य (२०६२) द्वारा *भाषा पाठ्यक्रम पाठ्यपुस्तक तथा शिक्षा पद्धति* पुस्तकमा भाषा पाठ्यवस्तुको छनोट, स्तरण भाषा पाठ्यपुस्तकमा विशेषताहरूको चर्चा गरिएको पाइन्छ । पाठ्यवस्तु र भाषा पाठ्यपुस्तक छनोटमा रेखीय र चक्रीय स्तरण, व्याकरणीय स्तरण, चित्र अभ्यास प्रयोजनपरक भेद आदिको आवश्यकता पर्ने कुरा उक्त पुस्तकमा चर्चा गरिएको छ । यस पुस्तकले पाठ्यपुस्तकको छनोट निर्माण गर्दा बाह्य र आन्तरिक आधारको छनोट प्रक्रियालाई ध्यान दिन विशेष जोड दिएको छ । सो अध्ययनले पाठ्यपुस्तकको छनोट निर्माण गर्दा बुनोटको स्पष्ट धारणा बनाउन सहयोग पुऱ्याएको छ ।

प्रधान (२०६८) द्वारा लिखित *नेपाली भाषा शिक्षण* नामक पुस्तकमा भाषा पाठ्यक्रम निर्माणका सामान्य सिद्धान्त, भाषा पाठ्यवस्तु छनोटको आवश्यकता र प्रभावहरू, भाषा पाठ्यवस्तु स्तरणको आवश्यकता र यसका प्रभावहरूबारे चर्चा गरिएको छ । यसका साथै यस किताबमा नेपाली भाषा पाठ्यक्रमको विकास र तुलनात्मक अध्ययन बारे समेत उल्लेख गरिएको पाइन्छ । नेपाली भाषा पाठ्यपुस्तकको विकास, विशेषताहरू र पाठ्यक्रमका अनुरूपताका आधारमा पाठ्यपुस्तकको अध्ययन समेत उल्लेख गरिएको पाइन्छ । पाठ्यक्रम र पाठ्यपुस्तकको सम्बन्ध, भाषा पाठ्यपुस्तक र अन्य विषयका पाठ्यपुस्तकमा हुने भिन्नता तथा कथा, कविता, निबन्ध, रूपक, जीवनी, चिठी, दैनिकी भाषातत्व शिक्षणको प्रयोजन र प्रक्रियाबारे समेत उल्लेख गरेको उक्त पुस्तकले सहयोग पुऱ्याएको छ ।

शर्मा र अन्य (२०६८) द्वारा *नेपाली भाषा शिक्षणका सन्दर्भहरू* नामक पाठ्यपुस्तक शिक्षाशास्त्र सङ्काय स्नातक द्वितीय वर्षको पाठ्यक्रमका आधारमा तयार पारिएको पाइन्छ । उक्त भाषा पाठ्यपुस्तकमा पाठ्यपुस्तक छनोटको आवश्यकता, पुस्तक निर्माणका आधारहरू, पाठ्यवस्तु स्तरणको अर्थ, आवश्यकता र प्रयोजन पाठ्यवस्तु स्तरणका आधारहरू लगायत समाविष्ट विधाहरूको सविस्तार चर्चा गरिएको छ । यसले प्रस्तावित अध्ययनको उद्देश्य निर्माणमा सहयोग पुऱ्याएको छ ।

अधिकारी (२०६९) द्वारा *नेपाली भाषा शिक्षण* शीर्षकको पुस्तक प्रकाशित गरिएको छ । उक्त पुस्तकको भाषा पाठ्यपुस्तक र यसको उपयोग मूल शीर्षकअन्तर्गत विभिन्न उपशीर्षक राखिएको देखिन्छ । भाषा शिक्षणमा पाठ्यपुस्तकको स्थानभित्र पाठ्यपुस्तकको के कस्तो महत्त्व रही भाषा शिक्षणमा यसको स्थान कस्तो रहेको छ भन्ने कुरा उल्लेख गरिएको देखिन्छ । भाषिक उद्देश्य पूर्ति गर्न पाठको तयारी गर्न कक्षा कार्यात्मक अभ्यास गर्न, लेख्य भाषाको विविध शैली परम्परासँग परिचित गराउन, भाषा पाठ्यपुस्तक र अन्य पाठ्यपुस्तकको अन्तरसम्बन्ध, भाषा पाठ्यपुस्तकमा समाविष्ट विधाहरू (कविता, कथा, निबन्ध, रूपक, दैनिकी, चिठी, जीवनीको उपयोगिता, पाठ्यपुस्तकका मूल अंश र नमुना अभ्यासको बारेमा चर्चा गरिएको देखिन्छ । उक्त अध्ययनले पाठ्यपुस्तकको विधागत उद्देश्यमा रही शिक्षण क्रियाकलाप गर्न मद्दत पुऱ्याएको छ ।

पौडेल (२०६९) द्वारा *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू* शीर्षकको पुस्तक प्रकाशित गरिएको छ । उक्त पुस्तकको दसौं अध्यायमा मूल शीर्षकअन्तर्गत विभिन्न उपशीर्षकहरू रहेका देखिन्छन् । भाषा पाठ्यपुस्तक निर्माणका आधारहरू अन्तर्गत शब्दभण्डारको नियन्त्रण, संरचनात्मक नियन्त्रण, विषयवस्तुको नियन्त्रणक, रुचि, आवश्यकता अन्य विविध पक्षहरू रहेका देखिन्छन् । यसबाट प्रस्तवित अध्ययनमा पाठ्यक्रम निर्माण र भाषा पाठ्यपुस्तक निर्माणसम्बन्धी जानकारी प्राप्त गर्न सहयोग पुगेको छ ।

भट्टराई (२०७३) द्वारा *भाषिक अनुसन्धान विधि परिचय र प्रयोग* नामक किताब प्रकाशित भएको छ । विशेषगरी उक्त कितावमा भाषा शिक्षणको सैद्धान्तिक परिचय, भाषिक अनुसन्धानका सामान्य विधि, भाषिक अनुसन्धानका विशेष विधि, भाषिक सामग्री सङ्कलन, निर्माण, मानकीकरण, भाषिक अनुसन्धानमा साङ्ख्यकी र यसको प्रयोग, अनुसन्धान प्रस्ताव

र अनुसन्धान प्रतिवेदन लेखनसम्म जानकारी प्रदान गरिएको छ । यसरी यस किताबले अनुसन्धानको परिचयदेखि अनुसन्धान प्रस्ताव लेखन तथा अनुसन्धान प्रतिवेदन लेखनसम्म जानकारी प्रदान गर्ने भएकाले उक्त पुस्तकलाई सहयोगी मानिन्छ ।

### २.१.२ शोधकार्यको पुनरावलोकन

न्यौपाने (२०७०) द्वारा 'कक्षा छको नेपाली पाठ्यपुस्तकका लागि नमुना कथाको छनोट र अभ्यास निर्माणको अध्ययन' शीर्षकमा शोधकार्य गरिएको पाइन्छ । प्रस्तुत अध्ययनमा पुस्तकालयीय प्रक्रियाको उपयोग गरिएको छ । उक्त पूर्वकार्यको समीक्षाबाट निकालिएको निष्कर्षले भावी दिशा निर्देश गर्न सैद्धान्तिक रूपरेखा तयार पार्न शोधका लागि आवश्यक सामग्री सङ्कलन गरेको पाइए पनि अभ्यास खण्डमा भाषाका चारवटै सिपको विकास हुने खालका अभ्यास निर्माण गर्नुपर्ने र पाठ्यपुस्तक पाठ्यक्रमका आधारमा निर्माण गर्नुपर्ने कुरा प्रस्तुत गरिएको छ । यसले प्रस्तावित अध्ययनको उद्देश्य निर्माणमा सहयोग पुऱ्याएको छ ।

बुढा (२०७१) द्वारा 'कक्षा चारको नेपाली पाठ्यपुस्तकका लागि नमुना पाठ निर्माण' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्यको उद्देश्य कक्षा चारको नेपाली पाठ्यपुस्तक छनोटका आधारहरू पहिल्याउन उक्त पाठबाट नमुना पाठ छनोट गर्नु नमुना अभ्यास निर्माण गर्नु रहेका छन् । उक्त अध्ययनको निष्कर्ष भाषा पाठ्यपुस्तक निर्माण गर्दा समावेशी सिद्धान्तलाई आधार मान्नुपर्ने शब्दभण्डार अभ्यास, संरचनागत नियन्त्रणका आधारमा पाठहरू लेखिनुपर्ने कुरामा जोड दिने छ भन्ने कुरा उल्लेख गरिएको छ । यस नमुना पाठ्यपुस्तक निर्माणका लागि सैद्धान्तिक धारणा निर्माणमा सहयोग पुगेको छ ।

कोइराला (२०७०) द्वारा 'कक्षा चारको नेपाली विषयको नमुना पाठ्यपुस्तक निर्माण' शीर्षकमा अध्ययन गरिएको छ । उक्त अध्ययनमा कक्षा चारको नेपाली भाषा पाठ्यक्रमअनुसारको पाठ्यपुस्तकका लागि उपयुक्त हुने पाठ अध्ययन छनोट र स्तरण गरी नमुना अभ्यासको निर्माण समेत गर्ने उद्देश्य राखिएको देखिन्छ । उक्त अध्ययनमा पुस्तकालयीय विधिलाई मुख्य विधिका रूपमा आत्मसात गरिएको छ । उक्त अध्ययन अभ्यास निर्माण गर्दा भाषाका चारवटै सिपलाई ख्याल गरिएको जानकारी दिइएको छ । विभिन्न विधाका पाठको सङ्ख्या र विधाको भेद स्पष्ट छुट्याउनुपर्ने, पाठ्यपुस्तकका पाठहरू

विधागत आधारमा फरक फरक बनाउनुपर्ने, विद्यार्थीको रुचि र स्तरअनुकूल साहित्यिक विधा छनोट गर्नुपर्ने विद्यार्थी सक्रिय हुने कार्यकलाप समावेश गर्नुपर्ने सुझावहरू राखिएको छ । उक्त अध्ययनमा  पाठहरू छनोट गर्नुपर्ने ढङ्गले अगाडि सारिएको छ । उक्त अध्ययनले पाठ्यक्रमका आधारहरू निर्माणमा सहयोग पुऱ्याएको छ ।

खनाल (२०७०) द्वारा 'कक्षा छ को नेपाली नमुना पाठ्यपुस्तक निर्माण' शीर्षकमा अध्ययन गरिएको छ । उक्त अध्ययनमा कक्षा छको नेपाली भाषा पाठ्यक्रमअनुसार पाठ्यपुस्तकका लागि उपयुक्त हुने पाठहरू अध्ययन, विधाहरू छनोट र स्तरण, नमुना अभ्यास निर्माण गर्न उद्देश्य राखिएको छ । पुस्तकालयीय विधिलाई मुख्य विधिका रूपमा राखिएको उक्त अध्ययनमा विधाहरूको प्रभावकारिताको पूर्वपरीक्षणसमेत गरिएको बताइएको छ । उक्त अध्ययनमा निष्कर्षका रूपमा कविता, कथा, निबन्ध र चिठीलाई पाठ्यपुस्तकमा छनोट गरी नमुना अभ्यास तथा सिर्जनात्मक अभ्यास समेत समेटिएको कुरा बताइएको छ । उक्त अध्ययनमा विभिन्न विधाका पाठको सङ्ख्या र विधाको भेद स्पष्ट छुट्याउनुपर्ने, विधाको सङ्ख्यामा एकरूपता ल्याउनुपर्ने, विद्यार्थी सक्रिय हुने कार्यकलाप समावेश गर्नुपर्ने, विद्यार्थीको रुचि र स्तरअनुकूल साहित्यिक विधा छनोट गर्नुपर्ने सुझावहरू राखिएको छ । उक्त अध्ययनले साहित्यका विधाहरू पहिचान गरी निर्माण गर्नमा सहयोग पुऱ्याएको छ ।

बस्नेत (२०७०) द्वारा 'कक्षा सातको नमुना पाठ, छनोट तथा निर्माण' शीर्षकमा अध्ययन गरिएको छ । उक्त अध्ययनमा कक्षा सातको भाषा पाठ्यपुस्तकमा पाठ्यक्रमले निर्दिष्ट गरेअनुरूपको कविता, कथा, जीवनी र निबन्धका नमुना पाठ तयार पार्ने उद्देश्य राखिएको देखिन्छ । स्थलगत र पुस्तकालयीय विधिलाई अवलम्बन गरिएको उक्त अध्ययनमा कथा, कविता, निबन्ध र जीवनी विधाका माध्यमबाट विद्यार्थीमा भाषाका सुनाइ, बोलाइ, पढाइ र लेखाइ सिप विकास हुने निष्कर्ष प्रस्तुत गरिएको छ । पाठको विधाका सङ्ख्यामा एकरूपता ल्याउनुपर्ने, विद्यार्थीको रुचि र स्तर सुहाउँदो  साहित्यिक विधा छनोट गर्नुपर्ने पाठमा भाषाका चारवटै सिपलाई समान रूपमा समेटिनु पर्ने सुझावहरू राखिएको उक्त अध्ययनमा पाठहरू छनोटपूर्ण ढङ्गले निर्माण गरिएको देखिन्छ । यस अध्ययनले नमुना पाठ्यपुस्तक निर्माणको सैद्धान्तिक अवधारणा र उद्देश्य निर्माणमा सहयोग पुगेको छ ।

सिंह (२०७०) द्वारा 'कक्षा चारको नेपाली पाठ्यपुस्तकका लागि नमुना कथाको छनोट र अभ्यास निर्माण' शीर्षकमा अध्ययन गरिएको छ । उक्त अध्ययनमा कथा छनोट र अभ्यास निर्माणको सैद्धान्तिक आधार तयार गरी नमुना अभ्यास निर्माण गर्नु मुख्य उद्देश्य राखिएको देखिन्छ । पुस्तकालयीय विधिलाई प्रमुख विधिका रूपमा अवलम्बन गरिएको उक्त अध्ययनबाट चारवटा नमुना कथाहरू छनोट गरी नमुना अभ्यास निर्माण गरिएको परिमाण देखाइएको छ । उक्त अध्ययनबाट नमुना पाठ्यपुस्तक निर्माण गर्दा के कस्ता पक्षलाई ध्यान दिएर गर्नु उचित हुन्छ भन्ने बारे जानकारी दिने भएकाले यस कार्यका लागि यो शोधपत्र अध्ययन गर्नु उपयोगी रहेको छ ।

कार्की (२०७१) द्वारा 'कक्षा २ को नेपाली विषयको नमुना पाठ्यपुस्तक लेखनको विश्लेषणात्मक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधको उद्देश्य कक्षा २ को नेपाली भाषा पाठ्यक्रमअनुसार नमुना पाठ्यपुस्तकको लागि उपयुक्त पाठ छनोट गर्नु कक्षा २ को नेपाली भाषापाठ्यपुस्तकमा आधारित नमुना अभ्यास गर्नु रहेको छ । उक्त अध्ययनको नमुना पाठ्यपुस्तकमा कथा, कविता, प्रबन्ध र जीवनी विधामा चारवटै भाषिक सिपलाई समावेश गरिएको पाइन्छ । नमुना पाठमा मूल्याङ्कनका लागि विषयगत र वस्तुगत प्रश्नहरूलाई समावेश गरिएको छ । विद्यार्थीको स्तर, रुचि, उमेर, ख्याल राख्दै रचना कौशलमा जोड दिइएको पाइन्छ । बोध र अभिव्यक्तिलाई कम महत्त्व दिएको उक्त अध्ययनमा पढाइ, लेखाइ सिपको विकासका लागि पाठको स्तरणलाई ख्याल गरिएको छ । यस अध्ययनले भाषिक सिप विकास गरी विद्यार्थीहरूका भाषिक त्रुटिहरू पहिचान गरी सुधार गर्नमा सहयोग पुऱ्याएको छ ।

पौडेल (२०६९) द्वारा 'कक्षा ३ का लागि नमुना पाठ्यपुस्तक लेखन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । उक्त शोधकार्यको उद्देश्य कक्षा ३ को नेपाली पाठ्यपुस्तकका लागि उपयुक्त कक्षा पाठ्य विधाहरू छनोट गर्नु, छनोट गरिएका विधाका आधारमा नमुना अभ्यास निर्माण गर्नु उल्लिखित विधाहरूबाट पठनबोध र अभिव्यक्तिगत नमुना अभ्यास निर्माण गर्नु रहेको छ । उक्त अध्यनबाट कक्षा ३ का लागि नमुना पाठ्यपुस्तक निर्माण गर्ने क्रममा विविध प्रकाशनद्वारा प्रकाशित पाठ्यपुस्तकहरूको अध्ययन गरिएको छ । पाठ्यक्रम विधाहरूको नेपाली भाषापाठ्यपुस्तकहरूको पाठ सङ्ख्यामा एकरूपता नभएको कुरा उल्लेख

गरिएको छ । उक्त अध्ययनले पाठ्यपुस्तक निर्माण गर्दा पाठहरूको रखाइलाई कसरी व्यवस्थित गरेर राख्नुपर्छ भन्ने बारे सहयोग पुऱ्याएको छ ।

घिमिरे (२०६२) द्वारा 'कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समाविष्ट जीवनीका पाठहरूको पाठ्यक्रमअनुरूपता एक अध्ययन' शीर्षकमा शोधकार्य सम्पन्न गरिएको छ । कक्षा ९ को नेपाली पाठ्यपुस्तक समाविष्ट जीवनी विधाका पाठकहरूलाई पाठ्यक्रमको उद्देश्य खण्डको व्याख्याका आधारमा गरी उक्त पाठ्यपुस्तकमा समाविष्ट जीवनी विधाका पाठहरूका प्रस्तुतिगत र क्रमिकता छनोटको स्थितिको अध्ययन गरेका छन् । जीवनी विधाका माध्यमबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय व्यक्तिहरूले दिएको सकारात्मक प्रभावलाई पाठ्यक्रमका आधारमा तुलना गरिएको छ । कक्षा ९ को नेपाली पाठ्यपुस्तकमा समावेशी पक्षका जीवनी राख्नुपर्ने सुझाव प्रस्तुत गरिएको छ । यस अध्ययनले व्यक्तिका विवरणबारे जानकारी प्रदान गर्न सहयोग पुऱ्याएको छ ।

ढकाल (२०६६) द्वारा 'कक्षा ५ को मेरो नेपाली किताबको विश्लेषणात्मक अध्ययन' शीर्षकमा शोधकार्य गरेका छन् । प्रस्तुत शोधकार्यको उद्देश्य पाठ्यक्रम अनुरूपताको आधारमा मेरो नेपाली किताबको विश्लेषण गर्नु भाषापाठ्यपुस्तकका आन्तरिक र बाह्य विशेषताका आधारमा उक्त पाठ्यपुस्तकको विश्लेषण गर्नु उक्त नमुना पाठ्यपुस्तकको सुधारका लागि सुझाव प्रस्तुत गर्नु रहेको छ । प्रस्तुत पाठ्यपुस्तक पाठ्यक्रमअनुसार बनाउने प्रयास गरिएको छ । यसमा परिवार, समुदाय उत्सव चाडपर्व, खेलकुद हँस्यौली, चुट्किला,  गाउँखाने कथा जस्ता विषय क्षेत्रलाई चित्त बुझ्दो रूपमा प्रस्तुत गरिएको छ । यस शोधको अध्ययनबाट प्रस्तावित शोधको सैद्धान्तिक अवधारणा निर्माणमा सहयोग पुगेको छ ।

## २.२ सैद्धान्तिक अवधारणा

### २.२.१ पाठ्यपुस्तकको परिचय

कुनै पनि पाठ्यपुस्तकहरू सम्बन्धित विषयका पाठ्यक्रमका उद्देश्य अनुरूप तयार गरिएका हुन्छन् । भाषा पाठ्यपुस्तक पनि सम्बन्धित तह र कक्षाको भाषा पाठ्यक्रमअनुरूप तयार गरिन्छ । यो भाषा शिक्षण सिकाइको महत्त्वपूर्ण र आधिकारिक सामग्री हो । यसको सहयोगले विद्यार्थीहरू सम्बन्धित तह र कक्षाको भाषा पाठ्यक्रम अनुरूपका भाषिक

अपेक्षाहरू हासिल गर्छन् । यसमा भाषा पाठ्यक्रमका अपेक्षा अनुरूपका भाषिक पाठ्यांशहरूलाई विद्यार्थीको स्तर, अनुभव र सिकाइ आवश्यकताको ख्याल गरी सङ्गठित गरिएको हुन्छ । भाषा पाठ्यक्रमका उद्देश्य पूरा गर्न के र कति पढ्ने कस्तो अभ्यास गरेर कुन अनुक्रममा पढ्ने भन्ने कुरालाई आत्मसात गरी भाषा पाठ्यपुस्तक तयार गरिएको हुन्छ । विद्यार्थी मात्र होइन, भाषा शिक्षकलाई समेत यसले के कति कसरी र कुन क्रममा कस्ता भाषिक अभ्यास  गराएर पढाउने भन्ने कुराको महत्त्वपूर्ण सुझ प्रदान गर्छ । भाषा पाठ्यपुस्तकको सहयोगले शिक्षकले आवश्यक शिक्षण योजना बनाई सुनिश्चित प्रक्रिया र गोरेटो समाएर शिक्षण गर्न सक्छन् ।

भाषा पाठ्यक्रम भाषा शिक्षण सिकाइको सैद्धान्तिक दस्तावेज हो भने भाषा पाठ्यपुस्तक पाठ्यक्रमका सैद्धान्तिक कुराहरूलाई व्यावहारिक कार्यकलाप वा प्रक्रियामा ढालेर उद्देश्य पूर्ति गर्न सहयोग पुऱ्याउने भरपर्दो सामग्री हो । भाषा पाठ्यपुस्तक विद्यार्थीहरूको मानसिक, सांवेगिक, बौद्धिक पक्षका साथै रुचि, आवश्यकता र सिकाइ प्रवृत्ति समेतलाई दोहोऱ्याएर पढ्न, अभ्यास गर्न, गृहकार्य गर्न कक्षा कार्यकलापलाई प्रभावकारी बनाउन र स्वाध्ययन गरेर सिक्न समेत महत्त्वपूर्ण सघाउ पुऱ्याउँछ । यसैले भाषा पाठ्यपुस्तकलाई लिखित भाषा शिक्षक वा भाषा पाठ्यक्रमकै पूरा विकल्प भन्न सकिन्छ । पाठ्यपुस्तक भनेको त्यस्तो सामग्री हो जसमा सिकाइका उद्देश्य पूरा गर्नका लागि प्रायःजसो सरलीकृत र सङ्गठित ढङ्गले विभिन्न ज्ञान क्षेत्रको प्रस्तुतिमा दिएको हुन्छ । पाठ्यपुस्तक एउटा महत्त्वपूर्ण शिक्षण सामग्री हो किनभने यसमा के पढाउने भन्ने कुराको निश्चितता मात्र नभई कसरी पढाउने भन्ने कुराको पनि सुझाव दिएको हुन्छ ।

यसरी पाठ्यपुस्तक भनेको विद्यार्थीहरूका लागि पाठ्यक्रम अनुरूप तयार गरिएको महत्त्वपूर्ण तथा आधिकारिक सामग्री हो । यो विद्यालय, विश्वविद्यालयहरूमा पठनपाठन गर्न प्रयुक्त हुन्छ । यसको सहयोगले शिक्षकले योजनाबद्ध शिक्षण गर्न सक्छन् । यसका आधारमा विद्यार्थीहरू क्रमबद्ध रूपमा अभ्यास, कक्षा कार्यकलाप, गृहकार्य स्वाध्ययन र उद्देश्यअनुरूपका सिकाइ उपलब्धिहरू हासिल गर्न पाउँछन्, भाषिक अध्ययन, अध्यापन र अभ्यासमा  सहयोग पुऱ्याउन तयार पारिएको उपयुक्त पाठ्यसामग्री नै भाषा पाठ्यपुस्तक हो (पौडेल, २०६९ : २६३) ।

समग्र भाषा पाठ्यपुस्तक भाषिक सिपका साथै बोध र अभिव्यक्ति क्षमताको विकास गरी भाषिक सबलता प्रदान गर्ने नवीन पाठ्यपुस्तक तथा कार्यकलाप विविध पद्धतिमा केन्द्रित भएको हुन्छ ।

### २.२.२ पाठ्यपुस्तकका विशेषता

भाषा पाठ्यपुस्तकका विशेषताअन्तर्गत बाह्य र आन्तरिक विशेषता पर्छन् । यसका बाह्य वा परिधीय विशेषताअन्तर्गत पाठ्यपुस्तकको बनोट, अक्षराकार, ठाउँ छोडाइ, छपाइ, बधाइ, कागतको स्तर मूल्य र सुलभताका कुराहरू कस्ता र कति उपयुक्त छन् भनी नियाल्ने काम गरिन्छ । आन्तरिक विशेषताअन्तर्गत स्तरगत उपयुक्तता र प्रस्तुतिगत विशेषताहरू पर्छन् । यिनलाई प्राज्ञिक विशेषता पनि भनिन्छ । आन्तरिक वा प्राज्ञिक जे भने पनि स्तरगत उपयुक्तताअन्तर्गत पाठ्यवस्तु, शब्दभण्डार, भाषा संरचना, अभ्यास, चित्र, शब्दार्थ टिप्पणी संकेत आदि कस्ता र कति उपयुक्त छन् भनी नियाल्ने काम गरिन्छ । पाठ्यपुस्तकका विशेषताहरू निम्नानुसार रहेका छन् :

### १. पाठ्यपुस्तकका बाह्य वा परिधीय विशेषता

पाठ्यपुस्तकका बाह्य वा परिधीय विशेषताहरूलाई भौतिक विशेषता पनि भनिन्छ । यसभित्र पाठ्यपुस्तकका बाह्य स्वरूप अर्थात् बनोट अक्षराकार, ठाउँ छोडाइ, छपाइ, बँधाइ, कागतको स्तर, मूल्य, सुलभता र अन्य कतिपय बाह्य प्रबन्धका कुराहरू पर्छन् । झट्ट हेर्दा पाठ्यपुस्तक कस्तो हुनुपर्ने त्यसको आकार प्रकार तथा विविध प्राविधिक पक्षहरू के कस्ता हुनुपर्ने भन्ने कुरा नै यसको बाह्य वा परिधीय विशेषता हो । पाठ्यपुस्तक अन्य पाठ्यपुस्तकभन्दा अलग, बलियो, आकर्षक, सुलभ, सुपथ र छपाइ, बधाइ आदिका दृष्टिले सकारात्मक होओस् भन्ने दृष्टि नै बाह्य विशेषताहरूको अपेक्षा हो ।

### (क) बनोट

बनोट भन्नाले आकर्षक आवरण र आकार प्रकारलाई मान्न सकिन्छ । पाठ्यपुस्तकको आवरण पृष्ठ बाक्लो र बलियो कागतमा हुनु जरुरी छ । त्यत्तिकै रङ्गीन र आकर्षक हुनु पनि आवश्यक छ । बाह्य आवरण हेर्ने वित्तिकै विद्यार्थीहरूलाई पढुँ पढुँ लाग्ने खालको भएमा राम्रो मानिन्छ । बाह्य आधारमा पाठ्यपुस्तक जनाउने खालका आकर्षक चित्र र दृश्यावलीहरूको प्रयोग गरिएमा झन राम्रो मानिन्छ । बाह्य आवरणको कागत पातलो खालको भएमा झट्टै च्यातिन र खुम्चिने स्थिति हुन्छ । यसर्थ गाता जस्तै बलियो । दह्रो

आवरण कागत उपयुक्त हुन्छ । अझ पानी पत्रले मोडेर आवरणलाई प्रस्तुत गरेमा मैलिन, फोहोर हुने, भिज्ने र रुझ्ने कुराबाट पनि जोगाउन सकिन्छ ।

### (ख) अक्षराकार र ठाउँ छोडाइ

पाठ्यपुस्तकमा प्रयोग गरिने अक्षरहरूको आकार र अन्तराललाई महत्त्वपूर्ण प्राविधिक पक्षका रूपमा लिइन्छ । पूर्व प्राथमिक र प्राथमिक तहका सुरुका कक्षामा प्रयोग हुने पाठ्यपुस्तकमा अक्षरका आकार निकै ठूला हुनु आवश्यक छ । अक्षर चिनाउने र लेख्ने अभ्यासका लागि सम्बन्धित अक्षरका लागि १२० प्वाइन्टसम्म ठूला अक्षर आवश्यक मानिन्छ । कक्षा १ सम्म सामान्य पठनका लागि ६० प्वाइन्ट सम्मका अक्षराकार उपयुक्त मानिन्छ । त्यसैगरी कक्षा २ मा पुग्दा २४ देखि ३६ प्वाइन्टसम्म र कक्षा ३ का लागि १६ देखि २० प्वाइन्टसम्मका अक्षर उपयुक्त मानिन्छन् । कक्षा ४ र ५ का लागि १४/१६ प्वाइन्टसम्म र त्यसभन्दा माथि १२/१४ प्वाइन्टसम्मका अक्षराकार उपयुक्त मानिनछन् । पाठ वा मुख्य शीर्षक अपेक्षाकृत ठूला उपशीर्षकहरू त्यसभन्दा कम र पाठ्यांश र अभ्यासहरूका अक्षर उपशीर्षकभन्दा केही कम अक्षराकारमा प्रस्तुत गरिनु राम्रो हुन्छ । त्यसैगरी अक्षर अक्षर शब्द र पङ्क्ति पङ्क्तिबिचको अन्तरालमा पनि विशेष ख्याल गरिनु आवश्यक छ ।

### (ग) छपाइ र बँधाइ

पाठ्यपुस्तकको बाह्य विशेषताका रूपमा छपाइँ र बँधाइको महत्त्वपूर्ण भूमिका हुन्छ । छपाइका निम्ति प्रयोग हुने मसी नउड्ने र नफुल्ने खालका हुनुपर्छ । पूर्व प्राथमिक र प्राथमिक तहका पाठ्यपुस्तकहरू आकर्षक र प्रभावकारी बनाउन ठाउँठाउँमा कालो, रातो, निलो, हरियो, पहेँलो आदि रङ्गको मसी प्रयोग गरे पनि धेरै जसो कालै रङ्गको मसी प्रयोग गर्नुपर्छ । प्राथमिकभन्दा माथिल्ला तहका लागि कालो रङ्गको मसी मात्र प्रयोग गर्नु राम्रो हुन्छ । एउटै रङ्गको मसी पनि आवश्यकताअनुसार गाढा र सामान्य चहक दिएर उपयोग गर्नुपर्छ । शीर्षक उपशीर्षक तथा सङ्केतहरूलाई गाढा र अन्यमा सामान्य चहक दिए पुग्छ । शीर्षक उपशीर्षकलाई ठूला आकारमा र अन्यलाई सामान्य आकारमा छाप्नुपर्छ । अन्तराल र किनारालाई पनि विशेष ख्याल गरी उपयुक्त ढङ्गले छाप्नुपर्छ । पाठ्यपुस्तकको बँधाइ प्रविधि मजबुत र वैज्ञानिक खालको हुनुपर्छ । पाठ्यपुस्तक बँधाइ गर्दा सबै पाना राम्रोसँग पल्टाउन

मिल्ने, नछोपिने र जुन ठाउँमा पाना पल्टाएर राख्यो त्यसै ठाउँमा अडिइ रहने बनाउनमा ध्यान दिनुपर्छ ।

**(घ) कागतको स्तर**

पाठ्यपुस्तकको कागतको स्तर पनि महत्त्वपूर्ण हुन्छ । जति मसिनो, चिल्लो, राम्रो सेतो र बाक्लो खालको कागत भयो त्यति पाठ्यपुस्तकको स्वरूप पनि आकर्षक र प्रभावकारी हुन्छ । राम्रो र बाक्लो कागतमा छपाइको स्तर पनि राम्रो हुन्छ । खस्रो, पातलो र कमसल कागत भएमा त्यो अनाकर्षक र प्रभावकारी मात्र नभइ झट्टै च्यातिने, भाँचिने, दोब्रिने र अतिशीघ्र काम नलाग्ने अवस्थामा पुग्छ । नराम्रो कागतमा छपाइ पनि नराम्रो हुन्छ । पातलो भएमा एकपट्टिका अक्षर अर्कापट्टि पारदर्शी भएर पढ्नै नमिल्ने हुन्छ र कमजोर कागत भएमा पाना फर्काउँदा पनि च्यातिएर धुजा धुजा हुन सक्छ साथै सेतो रङ्ग बाहेक अरू रङको कागतमा स्पष्ट र टाठा अक्षर नदेखिने सम्भावना हुन्छ र रङ्गीन चित्रहरू पनि अनाकर्षक बन्छन् । पाठ्यपुस्तकको स्तर उच्च कोटिको हुनु आवश्यक छ । प्राथमिक तहका पाठ्यपुस्तक त झन अपेक्षाकृत रूपमा बलिया, राम्रा र उच्च स्तरीय कागतले निर्मित हुनु वाञ्छनीय ठानिन्छ । किनभने माथिल्ला कक्षाका विद्यार्थीहरूले जस्तो तल्लो कक्षाका विद्यार्थीले पाठ्यपुस्तकको जतन गर्न सक्दैनन् ।

**(ङ) मूल्य**

पाठ्यपुस्तकलाई उपयोगी र प्रभावकारी बनाउने अर्को महत्त्वपूर्ण तत्त्व त्यसको मूल्य पनि हो । पाठ्यपुस्तक नाफा कमाउने उद्देश्यले उत्पादन गर्नु हुँदैन । हाम्रो जस्तो गरिब र विकासोन्मुख मुलुकमा पाठ्यपुस्तकको मूल्य चर्को वा महङ्गो भयो भने सर्वसाधारण जनताहरूले आफ्ना बालबालिकाहरूलाई पढ्नका लागि चाहिने आवश्यक पाठ्यपुस्तकहरू समयमै किनिदिन सक्दैनन् जसले गर्दा विद्यार्थीहरूको पठनपाठनमा नराम्रो मनोवैज्ञानिक असर परी त्यसमा वितृष्णा पैदा हुनुका साथै हीनता भावनाको पनि विकास हुन पुग्छ । पाठ्यपुस्तकको मूल्य मुनाफा रहित र लगानी खर्च उठाउने उद्देश्यले मात्र न्यूनतम मात्रामा तय गरिनुपर्छ सरकारी वा गैरसरकारी अनुदान जुटाएर निःशुल्क उपलब्ध गराउने व्यवस्था मिलाएमा झन राम्रो हुन्छ । हाम्रो देशमा पनि कक्षा १० सम्म निःशुल्क पाठ्यपुस्तक वितरण गर्ने प्रचलन छ । उक्त बाहेक माथिल्ला कक्षाका विभिन्न पाठ्यपुस्तक लगायत भाषा पाठ्यपुस्तकहरू निःशुल्क बनाउँदै जाने प्रबन्ध गर्नु जरुरी छ ।

**(च) सुलभता**

पाठ्यपुस्तकको प्रभावकारी त्यसको सुलभतामा पनि भर पर्छ । सुलभता भनेको खोजेको बेलामा जहीतहीँ सजिलैसँग प्राप्त हुने अवस्था हो । पाठ्यपुस्तक देशव्यापी सुलभ हुनुपर्छ । हाम्रो जस्तो दुर्गम क्षेत्र अधिक भएको देशमा पाठ्यपुस्तकको सुलभता सबै ठाउँमा एकनासको छैन । सुगम सहरी क्षेत्रमा जति सजिलै भनेको बेलामा पाठ्यपुस्तकहरू उपलब्ध हुन सक्छन् भने दुर्गम ग्रामीण क्षेत्रमा विरलै प्राप्त हुन्छन् । शैक्षिक सत्र सुरु भएको धेरैपछि र अझ कहिले त सत्र समाप्तिको अन्त्यतिर मात्र पाठ्यपुस्तक उपलब्ध हुने स्थिति पनि बेहोर्नु परेको देखिन्छ । कयौँ दिनको बाटो हिँडेर पाठ्यपुस्तक किन्न जानुपर्ने र त्यसरी धाउँदा पनि उपलब्ध हुन नसक्नुले शिक्षण सिकाइमा निकै बाधा र व्यवधानहरू खडा हुन्छन् । फलतः पाठ्यपुस्तक जतिसुकै राम्रो भए पनि त्यसको उपादेयता रहँदैन र शैक्षिक एकरूपता र गतिशीलता ल्याई राष्ट्रका शैक्षिक आवश्यकता पनि अपेक्षित रूपमा पुरा हुन सक्दैनन् । यसर्थ शैक्षिक सत्र शुरु हुनु अगाडि नै आवश्यक मात्रामा पाठ्यपुस्तक उत्पादन गरेर सम्बन्धित क्षेत्रमा पुऱ्याई सुलभ गराउने प्रयत्न गर्नु आवश्यक कक्षा देखिन्छ ।

**(छ) अन्य**

पाठ्यपुस्तकका अन्य कतिपय परिधीय विशेषताहरू पनि हुन्छन् । ती कुनै न कुनै रूपमा प्रभावकारिता वृद्धि गर्नमा सुसहायक हुन्छन् : जस्तै कुन पाठ कुन पृष्ठमा छ भनी खोज्न र अध्ययन अध्यापन गर्न सजिलाका लागि विषय सूचीको समुचित व्यवस्था छ भनी पृष्ठमा लेखक र प्रकाशकको सूचना, आवरणभित्रको पृष्ठमा संस्करण, प्रकाशन वर्ष आदिको यथेष्ट सूचना, कक्षा वा तहको सूचना तथा अन्य पृष्ठमा पाठ्यपुस्तकका बारेमा विभिन्न आधिकारिक संस्था वा व्यक्तिका मन्तव्य आदिलाई पनि समावेश गर्दा राम्रो मानिन्छ । पाठ्यपुस्तकलाई नितान्त नवीन, दृष्टिले प्रस्तुत गर्न जरुरी छ । समय समयमा पाठ्यपुस्तकमा आवश्यक सुधार, संशोधन र परिमार्जन गर्दै विभिन्न विद्वान्, सम्बन्धित उपभोक्ता तथा अनुसन्धान र विशेषज्ञहरूका राय सुझावलाई आत्मसात् गरी पाठ्यपुस्तकको बाह्य र आन्तरिक दुबै स्वरूपमा तदनुकूल हेरफेर गरिरहनु आवश्यक छ ।

## २. पाठ्यपुस्तकका आन्तरिक वा प्राज्ञिक विशेषता

भाषा शिक्षण सिकाइका दृष्टिले विशेष भूमिका खेल्ने आन्तरिक वा प्राज्ञिक कुराहरूलाई भाषा पाठ्यपुस्तकले के कसरी समावेश वा समायोजन गरेको छ भन्ने कुरा

सर्वाधिक महत्त्वपूर्ण कुरा हो । पाठ्यपुस्तक देख्दा जतिसुकै आकर्षक भए पनि त्यो भाषा शिक्षणका दृष्टिले आन्तरिक रूपमा कमजोर छ भने त्यसको कुनै मूल्य र महत्त्व रहँदैन । पुस्तक हेर्ने र सजाउने वस्तु नभई पढ्ने अभ्यास गर्ने र भाषिक अपेक्षा हासिल गर्ने साधन हो । पाठ्यपुस्तकभित्रको यही विशेषता नै आन्तरिक वा प्राज्ञिक पक्ष हो । पाठ्यपुस्तकका आन्तरिक वा प्राज्ञिक विशेषता तल निम्न रहेका छन् :

**२.१ स्तरगत उपयुक्तता**

कुनै पनि पाठ्यपुस्तक सम्बन्धित तह वा कक्षाको स्तर सुहाउँदो हुनु आवश्यक छ । यसका निम्ति त्यसभित्र प्रयुक्त पाठ्यवस्तु, शब्दभण्डार, भाषा, अभ्यास, चित्र, शब्दार्थ टिप्पणी, सङ्केत आदि आन्तरिक प्रभावक सम्बन्धी कुराहरू स्तरयुक्त हुनुपर्छ ।

(क) **विषयवस्तु वा पाठ्यवस्तु**

पाठ्यपुस्तकको केन्द्रीय भाग भनेकै त्यसमा समाविष्ट  पाठ्यवस्तु हो । विद्यार्थीहरूले पढेर सिक्नु पर्ने कुरा अथवा कार्यकलापहरूमा सहभागी भएर हासिल गर्नुपर्ने बोध र अभिव्यक्तिगत सिपस्रोत नै पाठ्यवस्तु हो । पाठ्यपुस्तकमा विभिन्न शीर्षक, उपशीर्षक अथवा विधा उपविधामा ढालेर विविध विषयवस्तुका माध्यमबाट पाठ्यवस्तु प्रस्तुत गरिएको हुन्छ । पाठ्यपुस्तकका पाठ्यवस्तुले पाठ्यक्रमका अपेक्षाहरूलाई ख्याल राख्नुपर्छ । अपेक्षित सिपमूलक अभ्यासमा टेवा पुऱ्याउन सक्नु पर्छ । विद्यार्थीको पूर्व शैक्षणिक अनुभव र भाषिक अनुभवलाई आधार बनाउनुपर्छ । अघिल्लो र पछिल्लो पाठ्यवस्तुको अन्तरसम्बन्धमा बाँधिनुपर्छ विद्यार्थीको रुचि, उमेर र आवश्यकता अनुरूप हुनुपर्छ । पाठ्यपुस्तकका पाठ्यवस्तु सूचनात्मक, सहयोगी र अभ्यासमूलक हुनु पनि उत्तिकै आवश्यक छ । पाठ्यपुस्तकले शब्द राष्ट्रियता, मानवता, भातृत्व, अनुशासन र शुद्ध आचरणको विकास गर्न टेवा पुऱ्याउने वस्तुलाई अगाल्नुपर्छ । पाठ्यपुस्तकका पाठ्यवस्तुहरू विद्यार्थीका मानसिक, शारीरिक र बौद्धिक पक्ष अनुकूल क्रमशः स्तरीकृत हुँदै जाने किसिमले प्रस्तुत गरिनु आवश्यक छ र सांस्कृतिक, सामाजिक, धार्मिक, लैङ्गिक एवम् वातावरणीय सन्तुलन वैज्ञानिक र मानवीय सोच र सौहार्दताले युक्त हुनु पनि जरुरी छ ।

(ख) **शब्दभण्डार**

पाठ्यपुस्तकको स्तरगत उपयुक्तता वा अनुपयुक्तताको माप गर्ने अर्को महत्त्वपूर्ण विशेषता भनेको शब्दभण्डार हो । शब्दभण्डारकै आपसी  संयोजन र सङ्गतिबाट भाषा

तयार हुन्छ र त्यसको उचित एवम् सान्दर्भिक प्रयोगबाट भाषा बोध र अभिव्यक्तिगत पाठ्यवस्तुहरू तयार हुन्छ ।

विद्यार्थीको स्तरअनुसार जति नयाँ शब्दहरू थपिँदै लगिन्छ । त्यति लिनको सान्दर्भिक पुनरावृत्ति र प्रयोग अभ्यास पनि बढाउँदै लैजानु आवश्यक हुन्छ । भाषा पाठ्यपुस्तकमा शब्दहरूको आवृत्ति र तिनको प्रयोग अभ्यासको समुचित व्यवस्था मिलाइएको छैन भने त्यसले विद्यार्थीहरूको शब्दभण्डार क्षमता विकासमा खासै सहयोग पुऱ्याउन सक्दैन । सुरुसुरुमा आधारभूत शब्द र क्रमशः नजानिदो ढङ्गले सरलदेखि जटिलताको क्रममा अन्य प्राविधिक, अनुकरणात्मक, श्रुतिसमभिन्नार्थक, विपरीतार्थक, पर्यायार्थक, अनेकार्थक, एकल सङ्क्षिप्त आदि शब्द आवश्यकता बमोजिम प्रवेश गराउँदै जानुपर्छ ।

शब्दभण्डार पाठ्यपुस्तकको स्तरयुक्तता र अनुपयुक्तताको पहिचान गर्ने महत्त्वपूर्ण पक्ष हो । त्यसैले पाठ्यपुस्तकमा शब्दभण्डारको स्तरयुक्त नियन्त्रण र सङ्गठित व्यवस्थापन आवश्यक पर्छ ।

## २.२ भाषा संरचना

पाठ्यपुस्तकभित्र प्रयुक्त भाषा संरचनाको समग्र स्तर नै भाषा हो । भाषिक संरचना र शैलीको सरलता र गहनताले पाठ्यपुस्तकको स्तरगत उपयुक्तताको पहिचान र मूल्याङ्कन गर्न सहयोग पुऱ्याउँछ । भाषाको जटिल संरचना प्रस्तुत गरी लेखिएका पाठ्यपुस्तकहरू प्रारम्भिक र मध्यम स्तरसम्म एकदमै अनुपयुक्त मानिन्छन् किनकि त्यस्ता संरचनाले विद्यार्थीको भाषा सिकाइ र अभ्यासमा टेवा गर्नुका सट्टा उद्देश्य विपरीतको त्रास र हैरानीतर्फ धकेल्दछन् । कुनै पनि भाषा संरचनराको स्तर त्यसमा प्रयुक्त शब्दहरूको सरलता र जटिलता तथा संरचक तत्त्वको बुनोट सम्बन्धी सरलता र जटिलतामा भर पर्दछ । पाठ्यपुस्तकको भाषा विद्यार्थीको स्तर र क्षमताअनुरूप सरल व्यवहारिक तथा रुचिपूर्ण हुनु जरुरी छ । प्रारम्भिक तहका सुरुका कक्षाहरूमा बढीमा तिनचार वटा शब्दद्वारा संरचित वाक्य संरचना तथा पछिल्ला कक्षामा आइपुग्दा क्रमशः बढीमा दश/बाह्रवटा शब्दहरूले बनेका वाक्य संरचना भएको भाषा प्रयोग गर्नु उचित मानिन्छ ।

## २.३ अभ्यास

पाठ्यपुस्तकको अर्को महत्त्वपूर्ण आन्तरिक विशेषता यसभित्रको अभ्यास हो । पाठ्यपुस्तकमा अभ्यासको महत्त्वपूर्ण स्थान र व्यवस्था हुन्छ । पाठ्यपुस्तकमा संयोजित र

सङ्गठित गरिएका सबै पाठ्यवस्तुहरूमा अभ्यासात्मक कार्यकलापको सर्वाधिक भूमिका रहनुपर्दछ । विभिन्न शीर्षक, विधा र विषय वा तहको स्तर र आवश्यकतामा हेरी हरेक पाठमा उपयुक्त र पर्याप्त अभ्यासको व्यवस्था गर्नुपर्छ । भाषाको प्रकार्यात्मक वा सम्प्रेषणात्मक उपयुक्तता र सान्दर्भिकतासम्बन्धी व्यावहारिक ज्ञान र सिप अभ्यासबाटै सबल हुने हुनाले त्यसको उपयुक्त नमुना पाठ्यपुस्तकले दिनुपर्छ । विधागत विविधता अनुरूप भाषा प्रयोगका विशिष्ट क्षेत्रमा विद्यार्थीहरूलाई सरिक गराउन मिल्ने गरी अभ्यासको समेत व्यवस्था मिलनुपर्छ । पाठ्यपुस्तकले पाठ्यक्रमका भाषिक उद्देश्य पूरा गर्ने गरी अभ्यासहरूको उपयुक्त र स्तरयुक्त व्यवस्था मिलाउनु आवश्यक छ । अभ्यासको स्तर पनि कक्षा विद्यार्थी, क्षमता, रुचि र सिकाइ प्रवृत्ति अनुरूप तय गर्नुपर्छ । विद्यार्थीको स्तर र पाठ्यक्रमको मर्मअनुरूप विविधतापूर्ण, सिपपरक, रुचिपूर्ण उत्साहपूर्ण, सुसिक्य र अपेक्षित उपलब्धितर्फ प्रभावकारी रूपमा डोऱ्याउने अभ्यासमा पाठ्यपुस्तक सबल हुनुपर्दछ ।

### २.४ चित्र

अन्य विषयका पाठ्यपुस्तकमा झैं भाषा पाठ्यपुस्तकमा पनि चित्रहरूको महत्त्वपूर्ण आन्तरिक भूमिका रहेको हुन्छ । कुनै पनि नवीन विषयवस्तु वा दृश्यावलीसम्बन्धी धारणा बसाल्न, सुक्ष्म दृष्टिकोण वृद्धि गर्न वर्णनात्मक क्षमता विकास गर्न र अनुकरणात्मक सिप र कलाको समेत प्रवर्धन गर्न पाठ्यपुस्तकमा चित्रले प्रभावकारी भूमिका खेलेको हुन्छ भनिन्छ । हजारौ शब्दमा बयान गरेर अर्थ र धारणा प्रस्ट पार्न नसकिने कुरालाई एउटै चित्रले सजिलै र स्पष्ट धारणा बसाल्छ । पाठ्यपुस्तकमा अक्षर र शब्दको धारणा बसाल्न पनि चित्रको अत्यधिक उपयोग गर्नुपर्छ । त्यसभन्दा माथि पनि सान्दर्भिक चित्रहरूको यथा स्थानिक उपयोग गर्न सकेमा रोचकता र प्रभावकारिताको सिर्जना गर्न सकिन्छ । चित्रहरू सम्बन्धित विषयवस्तुगत धारणाका लागि सम्बन्धित स्थानमै दिनु राम्रो हुन्छ । असम्बन्धित ठाउँमा असम्बन्धित प्रसङ्गको चित्र राखेर कुनै सकारात्मक लाभ हुँदैन । चित्रहरू स्पष्ट हुनुपर्छ उपयुक्त आकारमा हुनुपर्छ आकर्षक हुनुपर्छ र उद्देश्यपरक हुनुपर्दछ ।

### २.५ अन्य

पाठ्यपुस्तक भाषा शिक्षक र भाषा सिक्ने विद्यार्थी दुबैको अभिन्न मित्र हो र प्रभावकारी पठनपाठन वा शिक्षण सिकाइको आधार हो । कुनै विधागत पाठ शिक्षण सिकाइका लागि पाठ्यवस्तुगत सन्दर्भलाई आधार बनाइ अगाल्नुपर्ने शिक्षण विधि, प्रक्रिया र

कार्यकलापको आवश्यक निर्देशन र सङ्केत शिक्षकहरूलाई दिएमा पाठ्यपुस्तकको उपयोगमा प्रभावकारिता आउने सम्भावना हुन्छ । पाठ्यपुस्तकमा सकेसम्म सरलता, स्पष्टता, प्रभावकारिता र सुसिक्यता निर्माण गरी शिक्षक र विद्यार्थी दुबैका लागि सबल शिक्षण सिकाइ आधार तयार गर्न सकेमा त्यसलाई स्तरगत दृष्टिले उपयुक्त मान्न सकिन्छ । पाठ्यपुस्तकलाई भाषा शिक्षण सिकाइको सहयोगी आधार र विद्यार्थीहरूको लिखित गुरु बनाउन, मनोरञ्जक, बुद्धिवर्धक, सिपसम्वर्धक, प्रयोजनपरक उद्देश्यपरक, स्तरयुक्त र शिक्षक तथा विद्यार्थीहरूको अनन्य मित्र बनाउन र पाठ्यक्रमको अपेक्षा पूरा गर्ने उच्च विन्दु हो ।

### २.२.३ पाठ्यपुस्तक निर्माणका आधारहरू

पाठ्यपुस्तक भाषा शिक्षणको प्रमुख पाठ्यसामग्री हो । यसले भाषा पाठ्यक्रमका अपेक्षाअनुरूप सम्बन्धित तह वा कक्षाका विद्यार्थी र शिक्षकका लागि भाषा शिक्षण सिकाइ उपयुक्त र प्रभावकारी पाठ्यवस्तु प्रदान गर्न सक्नुपर्छ । भाषा पाठ्यपुस्तकले नै भाषा शिक्षण सिकाइको आधारभूत सामग्री र प्रक्रियाहरूको सङ्गठित तथा स्तरयुक्त प्रस्तुति दिने भएकाले यसको निर्माणमा विभिन्न आधारहरूको सचेत परिपालन आवश्यक हुन्छ । निर्माणका आधारहरू तल निम्नानुसार चर्चा गरिएको छ ।

#### (क) शब्दभण्डारको नियन्त्रण

भाषाको आधारभूत तत्त्व भनेको त्यसको शब्दभण्डार हो । शब्द शब्दको आपसी मेल र संयोजनबाट वाक्य तयार हुन्छ र वाक्य वाक्यको आपसी शृङ्खलाबाट एउटा सुनिश्चित अभिव्यक्ति तयार हुन्छ । शब्दभण्डार क्षमतामा वृद्धि गर्नुपर्छ भन्दैमा विद्यार्थीको क्षमता र स्तर प्रतिकूल हुने गरी जटिल र अत्यधिक अपरिचित शब्दको ओइरो पाठ्यपुस्तकमा ल्याइयो भने त्यस्ता पाठ्यपुस्तक स्तर प्रतिकुल मात्र नभई पाठ्यक्रमका अपेक्षा विपरीत कुद्ने सम्भावना हुन्छ । विद्यार्थीहरूले जानिसकेका शब्द र तिनीहरूको उमेर समूहमा अत्यधिक प्रयोग हुने शब्दहरूलाई नै एक किसिमले आधारभूत शब्द भन्न सकिन्छ । त्यसैले कक्षागत वा तहगत दृष्टिले आधारभूत शब्दहरूको मात्रा पनि फरक फरक र घटीबढी हुन सक्छ । विद्यार्थीहरूले पाठ्यपुस्तकमा सङ्ग्रहीत पाठ र पाठ्यसामग्रीहरूलाई बुझेर पढ्नु पढेर बुझ्न र तिनलाई आफ्नो भाषामा व्यावहारिक र सान्दर्भिक ढङ्गले उपयोग पनि गरुन् भन्ने पाठ्यपुस्तकमा राख्नुपर्छ । सिकाइका मनोवैज्ञानिक शैक्षणिक प्रक्रिया र प्रवृत्ति अनुरूपको

रुचि र प्रेरणा जगाइ अपेक्षित उपलब्धि स्तरमा डोऱ्याउने शब्दभण्डारको नियन्त्रण पाठ्यपुस्तक निर्माणमा महत्त्वपूर्ण आधार हो ।

**(ख) संरचनात्मक नियन्त्रण**

अक्षर विभाजन तथा शब्दांश (सिलेबल) का दृष्टिले आधारभूत तहअन्तर्गत कक्षा एकदेखि पाँचसम्मका पाठ्यपुस्तक र अन्य पाठ्यसामग्रीहरुमा चार अक्षर वा शब्दांशसम्मका शब्दहरुको प्रयोग गर्नु उपयुक्त हुन्छ । सामान्यतया आधारभूत तहको कक्षा एकदेखि पाँचसम्ममा आठ शब्दसम्मका वाक्यहरुमात्र प्रयोग गर्नुपर्छ (प्रकाशन शैली, २०७६, पृ. १६) ।

**(ग) विषयवस्तुको नियन्त्रण**

पाठ्यवस्तुहरू एक्लै आउन सक्दैनन् । तिनले कुनै पनि विधा वा विषयवस्तुको आड लिएर मात्र साकार रूपमा प्राप्त गर्छन् । त्यसैले पाठ्यपुस्तक निर्माणका क्रममा त्यसभित्र समावेश गरिने पाठहरू तह वा कक्षाअनुरूपका स्तरयुक्त विषयवस्तुमा आधारित हुनुपर्छ । विषयवस्तुको नियन्त्रण भनेको तह वा कक्षा अनुसार विषयवस्तुको मात्रा वा प्रस्तुति विस्तारको समुचित निर्धारण हो । विषयवस्तुभित्रको बोझिलो वा जटिल सूचनालाई झिक्नु वा कम गर्नु तथा ज्यादै सरल र प्रशस्त आवृत्ति भइसकेका कुरालाई हटाएर स्तरयुक्त थपोट र परिमार्जन गर्नु पनि विषयवस्तुको नियन्त्रण नै हो । विषयवस्तुको नियन्त्रण ज्ञातबाट अज्ञात तथा परिचितबाट अपरिचितको क्रममा क्रमशः उन्नयन र विस्तार हुँदै जानु आवश्यक मानिन्छ । उदाहरणका लागि प्राथमिक तहका भाषा पाठ्यपुस्तकका विषयवस्तुहरू घरपरिवार, छिमेक, समाज, गाउँ, जिल्ला नगर आदिसम्बन्धी चाडपर्व, रीतिरिवाज, पेसा व्यवसाय, सहयोग, सहानुभूति मेलमिलाप, स्वस्थ, सफाइ, शिक्षा, रहनसहन आदि पक्षहरूमा केन्द्रित हुनु जरुरी छ भने त्यसभन्दा माथिल्ला तहमा तिनै विषयवस्तुहरू अझ गहन र विस्तृतिका साथ आउने र क्षेत्र विस्तारका दृष्टिले अञ्चल, क्षेत्र, देश र विदेशतर्फ पनि क्रमशः उन्नयन हुँदै जानु आवश्यक छ ।

**(घ) रुचि**

पाठ्यपुस्तक जस्तै भाषा पाठ्यपुस्तकको निर्माणमा विद्यार्थीहरूको रुचि पक्षलाई विशेष ध्यान दिइनु आवश्यक मानिन्छ । सबै विद्यार्थीहरूका रुचि एकनासका नहुन सक्छन् किनभने उनीहरूको उमेर, बौद्धिक स्तर भाषिक क्षमता वातावरण आदि विविध पक्षले रुचिमा पनि भिन्नता ल्याएका हुन्छन् । उमेरका दृष्टिले बालक किशोर, युवक, प्रौढ र

वृद्धका रुचि फरक फरक हुन्छन् । भाषिक क्षमता र स्तरले रुचि प्रभावित भएको हुन्छ भने ग्रामीण, सहरिया, पहाडिया, तराइ बासी तथा सम्पन्न, विपन्न शिक्षित, अशिक्षित, सुगम दुर्गम आदि विभिन्न परिवेश र वातावरणले पनि रुचि निर्देशित र प्रभावित भएको हुन्छ । यिनै विभिन्न आधारभूत रुचि र विशेष रुचिहरूलाई सचेततापूर्वक समेटी सम्बन्धित विद्यार्थीहरूका लागि पाठ्यपुस्तक तयार गर्नुपर्छ । पाठ्यपुस्तक निर्माण गर्दा विद्यार्थीहरूको रुचिलाई ध्यान दिनु आवश्यक छ ।

**(ङ) आवश्यकता**

पाठ्यपुस्तक मूलतः भाषिक आवश्यकता पूरा गर्ने ध्येयमा निर्मित हुनुपर्छ । वैयक्तिक, सामाजिक, सामुदायिक, व्यावसायिक, पेसागत, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय आवश्यकताहरूसँग भाषा सिकाइ आबद्ध हुन्छ । विद्यार्थीहरू भाषाका माध्यमले देशअनुसारको परिवेश, मानवीय, संस्कृति र जीवन पद्धतिसँग परिचित हुनु उत्तिकै आवश्यक छ । देशका प्राकृतिक सम्पदा, जातीय, संस्कृति, सद्भावना, विकास निर्माण, धर्म राजनीति, अर्थ ऐतिहासिक गौरव, साहित्य कला आदि र असमानता, अन्याय, भ्रष्टाचार, शोषण आदि विविध सङ्गति असङ्गतिका पक्षहरूसँग पनि परिचित हुनु जरुरी छ । यसका साथै नैतिकता, सच्चरित्रता, अनुशासन आदर्श सभ्यता, मानवता, दया, उपकार, सद्गुण, दुर्गुण आदि सबै पक्षबाट विद्यार्थीहरू भाषाका माध्यमले मानवता, दया उपकार, सद्गुण, दुर्गुण आदि सबै पक्षबाट हुन्छ । विज्ञान प्रविधि र स्वस्थसम्बन्धी विषयवस्तुलाई पनि रोचक प्रस्तुति दिई सरलीकृत ढङ्गले प्रस्तुत गर्न सकेमा विषयवस्तुगत आवश्यकतासँगै भाषिक आवश्यकता पनि पूर्ति हुन सक्छन् ।

**(च) अन्य /विविध**

पाठ्यपुस्तक निर्माणका आधारको चर्चा गर्दा यसका आन्तरिक र बाह्य विशेषताहरूमा ख्याल गर्नुपर्ने कुराहरू निर्विवाद छ । पाठ्यक्रम अनुरूपता, स्तरगत उपयुक्तता, अभ्यासात्मक विविधता र उपयुक्तता, प्रस्तुतिगत उपयुक्तता जस्ता आन्तरिक विशेषताहरू पाठ्यपुस्तकमा राम्ररी निर्वाह गर्नुपर्दछ । पाठ्यपुस्तकका पाठका आकार कुनै अत्यन्त लामा र कुनै अत्यन्त छोटा हुनु हुँदैन । विधागत अनुपात र पाठगत आकारको अनुपात मिलाएर तयार गर्नुपर्छ । सान्दर्भिक चित्र, कार्टुन रेखाचित्र, तस्बिर, तालिका, मसी, रङ्ग आदि सबै स्वभाविक र स्तरयुक्त हुनुपर्छ ।

# अध्याय तीन

# अध्ययन विधि र प्रक्रिया

## ३.१ अध्ययन विधि

शोध प्रस्तावमा शोधविधि महत्त्वपूर्ण मानिन्छ । यस शोधअध्ययनमा कक्षा चारको पाठ्यपुस्तकका लागि नमुना पाठ्यपुस्तक निर्माण गर्दा पुस्तकालयीय अध्ययन र वर्णनात्मक विधि/प्रक्रिया अवलम्बन गरिएको छ ।

## ३.२ अध्ययन प्रक्रिया

यस अन्तर्गत विभिन्न सामग्रीहरूको सङ्कलन गरी उक्त सामग्रीका आधारमा व्याख्या विश्लेषण गरिएको छ ।

## ३.३ सामग्रीका स्रोतहरू

प्रस्तुत शोधकार्य पूरा गर्नका लागि प्राथमिक र द्वितीयक सामग्री अवलम्बन गरिएको छ :

### ३.३.१ प्राथमिक स्रोत

पाठ्यक्रम विकास केन्द्र सानोठिमी भक्तपुरद्वारा निर्देशित कक्षा चारको पाठ्यक्रम र प्रस्तुत अध्ययनका नमुना पाठहरू छनोटका लागि कक्षा चारका विद्यार्थीहरूलाई प्राथमिक स्रोतका रूपमा लिइने छ ।

### ३.३.२ द्वितीयक स्रोत

प्रस्तुत शोधकार्यमा द्वितीयक सामग्रीका शोध शीर्षकसँग सम्बन्धित विभिन्न शोधपत्रहरू, पत्रपत्रिका, पूर्वकार्यहरू विभिन्न पुस्तक, अध्ययन प्रतिवेदन, भाषा पाठ्यपुस्तक आदिलाई द्वितीयक स्रोतका रूपमा लिइएको छ ।

## ३.४ अध्ययनको क्षेत्र

भाषाका चार आधारभूत सिपहरूका साथै कार्यमूलक व्याकरणलाई नै यस शोधकार्यको प्रमुख क्षेत्रका रूपमा लिइएको छ ।

## ३.५ निर्माण प्रक्रिया

कक्षा चारको नेपाली पाठ्यपुस्तकको नमुना पाठ्यपुस्तक निर्माण यस अध्ययनको मुख्य उद्देश्य रहेको छ। यस नमुना पाठ्यपुस्तकमा कथा कविता, निबन्ध र चिठी गरी चार विधालाई समावेश गरिएको छ । समावेश भएका विधाहरूमा स्तरीय तस्वीरसँग लेखकको नाम समावेश गरी पाठ्यपुस्तक निर्माणमा रुचि, क्षमता, स्तर र तहलाई ख्याल गरी विधा छनोट गरिएको छ । शीर्षक पाठ्यवस्तु, शब्दार्थ अभ्यास निर्माण, क्रम मिलाएर राखी सिर्जनात्मक र बौद्धिक क्षमता अभिवृद्धि हुने अभ्यास समावेश गरिएको छ।

## अध्याय चार

## व्याख्या तथा विश्लेषण

## कथा

### १. विधागत परिचय

कुनै छोटा, पूर्ण घटनाका बारेमा रोचक र कुतुहलतापूर्वक ढङ्गले कथ्य भाषाको निकट भई वर्णन गरिने साहित्यको एक विधा नै कथा हो । कथा घटना प्रधान विधा हो । यसमा विभिन्न घटना तत्त्वले नै कथानकको काम गरिरहेका हुन्छन् । पाठ्यपुस्तकमा विशेषतः लोककथा, पौराणिक कथा, ऐतिहासिक कथा, सामाजिक कथा, मनोवैज्ञानिक कथा र बालमनोवैज्ञानिक कथाहरू समावेश गरिएको पाइन्छ ।

### २. विधागत उद्देश्य

कक्षा शिक्षणका प्रमुख उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) श्रुतिबोध सस्वरपठन, मौनपठन र पठनबोध क्षमताको विकास गराउनु

(ख) बोध र अभिव्यक्ति सिपको विकास गराउनु ।

(ग) मौखिक कथा क्षमताको वृद्धि गराउनु ।

(घ) कथा रचनामा अभिप्रेरित गर्नु ।

(ङ) मानवीय चारित्रिक विकास तथा कल्पना क्षमतामा दक्ष गराउनु ।

## पाठ एक

## सानो जुली (कथा)

- गोपीकृष्ण ढुङ्गाना

### कथाकार परिचय

नामथर : गोपीकृष्ण ढुङ्गाना : लगनशील गीतकार र सशक्त बालसाहित्यकार हुन् । बालसाहित्यमा उनका कतिपय कृतिहरू प्रकाशित छन् । कतिपय प्रकाशनको तरखरमा

छन् । यसै क्रममा अहिले 'सानो जुली' नामक बालकथा सङ्ग्रह रत्न पुस्तक भण्डारबाट प्रकाशनमा आएको छ ।

यस कृतिमा बालबालिकाको मनोविज्ञानलाई राम्ररी केलाइएको छ । हेर्दा सूक्ष्म लाग्ने कतिपय कुरालाई बालबालिकाले कति गम्भीरताका साथ लिएका हुन्छन् भन्ने यथार्थ यसमा भएका कथाहरूले प्रस्ट्याएका छन् ।

यसमा विषयवस्तु र चित्रको संयोजन पनि अनुकूल रहेको छ । प्रस्तुत कथाहरू पढेर बालबालिकाले रमाइलो त मान्नेछन् । असल बानी र नवीन ज्ञान पनि हासिल गर्नेछन् भन्ने विश्वास लिएको छु ।

## सानो जुली

सबिन सधैँ बिहान-बिहान बुबासँग हिँड्ने गर्छ । यसो गरे मान्छे निरोगी हुन्छ भन्ने उसले बुझेको छ ।

आज शनिबार । सबिन र उसका बाबा हिँडिरहेका थिए । एक जना मान्छे सानो कुकुरसँग दौडिरहेको थियो । जाडोको समय भएकाले सबैले बाक्ला, लुगा, टोपी र पन्जा लगाएका थिए । छेउमा आएपछि सानो कुकुरले सबिनलाई भुक्यो । कुकुरबाट जोगिन सबिन बुबासँग टाँस्सियो । त्यो मान्छेले पनि कुकुरलाई जोडले तान्दै करायो- "ए जुली, यता आइज । सरी है बाबु, यो अलि छुच्चो छ ।"

"ए सुवास काका पो हुनुहुँदो रहेछ ।" सबिनले बोल्नेबित्तिकै चिन्यो- "काका, किन सिन्धुलाई छोडेर कुकुरलाई ल्याउनुभएको ?" काका र बुबाले हात मिलाउनुभयो । काकाले भन्नुभयो- "सबिन, सिन्धु मावल गएकी छ । त्यसैले पप्पीलाई साथी ल्याएको नि ।" कुराकानी गर्दै सबै सुवास काकाको घर पुगे ।

"काकाको घरमा त कति धेरै कुकुर ?" सबिनले अचम्म मान्दै भन्यो- "तीनवटा !"

"हो बाबु, यो पप्पीको नाम चुली हो, ऊ त्यो यताउति गरिरहेको काले हो, अनि त्यो खोरबाट चिहाउनेचाहिँ शेरी ।" सुवास काकाले भन्नुभयो - "शेरी त बच्चा पाउने भएकी छ, तर जुलीचाहिँ मसँगै बढी रमाउँछ खेल्छ ।"

खेल्ने कुरा सुनेर सबिनलाई मजा लाग्यो । ऊ काकालाई सोध्न थाल्यो- "जुली कसरी खेल्छ काका ?"



"यी यसले नमस्ते गर् भन्दा गर्छ । पुच्छर हल्ला भन्दा हल्लाउँछ । सुत्, कुद् जे भन्यो त्यही गर्छ ।" काकाले अँगालोमा बेर्दै भन्नुभयो- "सबिन, कुकुर पनि मान्छेका साथी हुन्छन् नि । यिनलाई नुहाइदिनुपर्छ, तालिम दिनुपर्छ अनि त मान्छेभन्दा पनि असल हुन्छन् । मान्छे रिसाउँछ तर कुकुर रिसाउँदैन ।"

जुली घरभित्र पस्छ । काकाले सबिन र उसको बुबालाई पनि माथिको कोठामा लैजानुभयो । जुली सोफामा बसिसकेको थियो । सबिनले कुकुर सोफामा बसेको देखेको थिएन । सधैँ बाटोमा हिँड्ने फोहोरी कुकुर मात्र देखेको थियो ।

काका जुलीसँग जिस्कन थाल्नुभयो । सबिन छक्क पऱ्यो । ऊ रमाइलो मान्दै हास्न थाल्यो । "काका, म पनि बोक्छु नि जुलीलाई ।" उसले भन्यो । "ल बोक, तर अर्को हातले सुमसुम्याउँदै माया गर्नु, नत्र टोक्ला ।" काकाले दुई हातले जुलीलाई अघि सारिदिँदै भन्नुभयो ।

"टोकेन त, मैले पनि माया गरेर होला ।" सबिनले खुसी हुँदै भन्यो । बुबाले भन्नुभयो - "हो, यसरी अरूलाई माया गऱ्यो भने अरूले पनि आफूलाई माया गर्छन् ।" जुलीलाई काकाले इसारा गर्नुभयो । जुली सबिनको हातबाट फुत्त भाग्यो । जुली काकाको अँगालोमा चढेर गाला चाट्न थाल्यो । "जुली गाला नचाट्, चुप लागेर बस् ।" काकाले यसो भन्नासाथ उसले मान्यो ।

"बाबा, हामी पनि जुलीजस्तै राम्रो कुकुर घरमा पालौँ न ।" सबिनले भन्यो । सबिनको कुरा सकिनासाथ बुबाले भन्नुभयो- "हुन्न । कसले खुवाउने, कसले नुहाइदिने अनि कसले घुमाउन लैजाने ?"

"मसँगै खान्छ, मसँगै नुहाउँछ अनि हामीसँगै बिहान घुम्न जान्छ ।" सबिनले उत्तर दियो । उसले सुवास काकासँग सोध्यो- "सानो पप्पी छैन ?"

काकाले भन्नुभयो - "साँच्चै लाने हो त ? मन परेकी हो ? साथी बनाउने हो ? ल त्यो शेरीले बच्चा पाएपछि एउटा दिउँला है सबिन ।"

"पर्दैन सबिन ।" बुबाले फेरि नलैजाने कुरा भन्नुभयो । सबिनले जिद्दी गऱ्यो- "अँ, लैजाने । तपाईहरू अफिस गएका बेला म एक्लै हुन्छु, त्यसैले लानैपर्छ ।"

बुबाले 'हुन्छ' भनेर टाउको हल्लाउनुभयो । "अब घर जाऔँ ।" भनेपछि सुवास काकासँग बिदा मागेर सबिन बुबाको पछि लाग्यो ।



घर पुगेपछि सबिनले आमालाई भन्यो । “मामु, तपाइँको कान यता ल्याउनु त ।” आमाले भन्नुभयो- “किन ?”

“एउटा खुसीको कुरा छ के ?” उसले इसारा गर्‍यो- “अब मेरो पनि साथी हुने भयो ।”

“को ?” आमा झन् छक्क पर्नुभयो ।

“पप्पी ।” उसले सुनायो ।

आमाले गाली गर्नुभयो - “के भन्छ यो ? कुकुर पनि साथी !”

"किन ? सुवास काकाको त जुली साथी छ । त्यस्तै चिटिक्कको बच्चा सुवास काकाले दिन्छु भन्नुभएको छ ।" उसले साँचो कुरा बतायो ।

टेलिभिजनमा मान्छे र कुकुर दौडिरहेको, खेलिरहेको दृश्य आइरहेको थियो ।

"मामु, ऊ हेर्नुस् त, मजस्तै साथीले सानो पप्पीलाई कसरी माया गरेको ?" आमालाई अँगाले हाल्दै सबिनले टेलिभिजनतिर देखायो ।

## शब्द र अर्थ

निरोगी : रोग नभएको, स्वस्थ ।

बाक्ला : मोटो, घना, सघन, खुब जमेको

जोगिन : सङ्कट वा खतरापूर्ण परिस्थितिबाट उम्कने

छुच्चो : सानो चित्त भएको, लोभी स्वभावको, साथीभाइलाई नसहने

मावल : मामाको घर

खोर : जीव जन्तु पाल्न वा थुन्न बनाइएको साँघुरो कोठो

मजा : कुनै काम कुराको गराइ वा भोगाइमा मानसिक तथा भौतिक रूपले हुने रमाइलो, आनन्द, सुख, मज्जा

सुत् : छोरो, पुत्र, पुरुष सन्तान, गाइवस्तुको ज्ञानेन्द्रिय योनि ।

कुद् : दौड

## नमुना अभ्यास

### सुनाइ सिप

तलको अनुच्छेद शिक्षकले पढेको सुनेर ठीक बेठीक छुट्याऊः

आज शनिवार । सबिन र उसका बाबु हिँडिरहेका थिए । एक जना मान्छे सानो कुकुरसँग दौडिरहेको थियो । जाडोको समय भएकाले सबैले बाक्ला लुगा, टोपी र पञ्जा लगाएका थिए । छेउँमा आएपछि सानो कुकुरले सबिनलाई भुक्यो कुकुरबाट जोगिन सविन बुबासँग टास्सियो । त्यो मान्छेले पनि कुकुरलाई जोडले तान्दै करायो - "ए जुली, यता आइजा । सरी है बाबु; यो अलि छुच्चो छ ।"

(क) सबिन र उसका बाबा हिँडिरहेका थिए ।

(ख) एक जना मान्छे सानो कुकुरसँग दौडिरहेको थिएन ।

(ग) जाडो समय भएकाले सबैले वाक्ला लुगा टोपी र पञ्जा लगाएका थिएनन् ।

(घ) छेउमा आएपछि सानो कुकुरले सबिनलाई भुक्यो ।

(ङ) कुकुरबाट जोगिन सविन बुबासँग टाँस्सियो ।

### बोलाइ सिप

(क) तिमीलाई मन परेको कथा कक्षामा सुनाऊ ।

(ख) तिम्रो घरमा कथाका कुन कुन किताबहरू छन् ?

(ग) तिमीलाई के का बारेमा वर्णन गरिएका कथाहरू मन पर्छ ?

(घ) कुनै एउटा कथाको बारेमा बताउन सक्छौ ?

### शब्द ज्ञान

१. **तलका शब्दहरू शुद्धसँग उच्चारण गर :**

पञ्जा, भुक्यो, टास्सियो, पप्पी, अचम्म, पुच्छर,

२. **तलका शब्दहरूको अर्थ लेख**

साँच्चै, टोक्ला, अफिस, घर, बतायो, दृश्य

**३. अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :**

दुखेको, भन्यो, टोकेन, राम्रो, माया, पुगेपछि

**४. शुद्ध बनाई पुनर्लेखन गर :**

वियाना, हिन्ने, निरोगीइ, टोओपी, कराआयो, ल्याको

**५. कुनै पाँचवटा आधा अक्षर भएका शब्दहरू पाठबाट खोजेर कापीमा लेख :**

**सस्वरपठन**

(क) पहिलो अनुच्छेद पालैपालोसँग कक्षामा सस्वरवाचन गर ।

(ख) उक्त अनुच्छेदलाई साथीले पढेको सुनाइको आधारमा आफूले सम्झेका कुरा कापीमा टिप र कक्षामा सुनाउ ।

**पठनबोध**

**पाठका आधारमा क्रम मिलाएर लेख ।**

(क) आमालाई अँगालो हाल्दै सविनले टेलिभिजनतिर देखायो ।

(ख) बुबाले हुन्छ भनेर टाउँको हल्लाउनु भयो ।

(ग) ‘पप्पी’ उसले सुनायो ।

(घ) सविन सधैँ विहान विहान बुबासँग हिँड्ने गर्छ ।

(ङ) काका जुलीसँग जिस्कन थाल्नुभयो ।

**२. तलका वाक्य ठीक भए (✓) र बेठीक भए (✗) चिह्न देऊ :**

(क) काकाको घरमा त कत्ति धेरै कुकुर ।

(ख) जुली घरभित्र पस्दैन ।

(ग) मान्छे रिसाउँछ तर कुकुर रिसाउँदैन ।

(घ) सविन छक्क परेन ।

३. **खाली ठाउँमा उपयुक्त शब्द छानी वाक्य पूरा गर :**

(क) यसो गरे मान्छे ................ हुन्छ ।

(ख) सबिनले अचम्म मान्दै भन्यो ................ ।

(ग) खेल्ने कुरा सुनेर ................ मजा लाग्यो ।

(घ) सबिनले ................ गऱ्यो अँ लैजाने ।

(ङ) एउटा ................ कुरा छ के ?

४. **तलका प्रश्नहरूको उत्तर लेख :**

(क) कुन समयमा बाक्ला लुगा टोपी र पञ्जा लगाउनुपर्छ ?

(ख) जुली कसरी खेल्छ ?

(ग) सोफामा को बसेको थियो ?

(घ) सबिन किन छक्क पऱ्यो ?

(ङ) अफिस गएका बेला को एक्लै हुन्थ्यो ?

५. **लामो उत्तर लेख :**

(क) सबिन सधैँ विहान विहान बुबासँग किन हिँड्ने गर्छ वर्णन गर ।

(ख) सानो जुली कथा पढेर तिमीहरूले के शिक्षा पायौँ लेख ।

(ग) एउटा खुशीको कुरा छ भनेर केलाइ इसारा गरिएको पाइन्छ लेख ।

**सिर्जना**

(क) 'सानो जुली' कथा आफ्नै भाषामा लेखी कक्षामा सुनाऊ ।

(ख) आफूले सुनेको वा कुनै कथा रचना गरेर कक्षामा शिक्षकलाई देखाउ र साथीहरूलाई सुनाऊ ।

# पाठ दुई

# चिठी

## १. विधागत परिचय

कुनै पनि व्यक्तिद्वारा अर्को व्यक्तिलाई औपचारिक रूपले सम्बोधन गरेर लेखिने रचनालाई चिठी भनिन्छ । चिठीको शाब्दिक अर्थ व्यक्तिका निजी भावना विचार वा दृष्टिकोणहरू नितान्त गोप्य कुराहरू प्रस्तुत गर्ने माध्यमका रूपमा लिने गरिन्छ । यसअन्तर्गत सूचना, अनुभव, बधाइ निवेदन, धन्यवाद, सहानुभूति, स्पष्टीकरण आदि उल्लेख गर्न सकिन्छ ।

## २. विधागत उद्देश्य

चिठी विधा शिक्षणका प्रमुख उद्देश्यहरू निम्नअनुसार रहेका छन् :

(क) लेखाइ सिपको विकास गराउनु ।

(ख) सम्प्रेषणात्मक माध्यम बन्नु ।

(ग) गहन विषयवस्तुलाई उन्मुख गराउनु ।

(घ) विभिन्न परिस्थितिलाई समेट्ने माध्यम बन्नु ।

### बाबालाई पत्र (चिठी)

मिति : २०७४/९/२१

जलजले-४, तेह्रथुम

आदरणीय बाबा,

नमस्कार !

हजुरको आशीर्वादले आजसम्म आरामै छु । त्यहाँ हजुर पनि आरामै हुनुहोला भन्ने आशा गर्दछु ।

बाबा ! हिजो राति मैले कस्तो मज्जाको सपना देखेँ । हजुर यहीँ हुनुभएको भए म मुखैले सुनाउने थिएँ, तर हजुर टाढा हुनुहुन्छ । त्यसैले मैले देखेको सपनाको कुरा यस पत्रमा लेख्दै छु ।

बाबा ! सपनामा त मैले अचम्म गरेँ नि । म सपनामा स्कुलमै थिएँ । स्कुलमा दौड प्रतियोगिता हुने वाला थियो । म पनि त्यो खेल हेर्न बसेकी थिएँ । मलाई देखेर दौडमा भाग लिने केटाकेटीहरू गलल हाँसे । मलाई लङ्गडी केटी भनेर जिस्क्याउन पो थाले । यति धेरै मान्छेका बिचमा जिस्क्याउँदा मलाई सारै नमिठो लाग्यो । रिस पनि उठ्यो । त्यसपछि मैले के गरेँ, थाहा छ बाबा ? मैले त मेरो बैसाखीसैसाखी कुनामा हुत्याइदिएँ । म त ठिङ्ग पो उभिएँ । यसो पाइलो सारेको त मेरा दुबै खुट्टा चल्न थाले । अनि त के ! म पनि दौडने केटाकेटीको हुलमा मिसिएँ ।





एक छिनमा सिटी बज्यो ! सबै जना दौडिन थाले म पनि दौडिन थालेँ तर अचम्म ! म त सबैलाई उछिन्दै अघि अघि पो भएँ । त्यसपछि त मलाई कसैले उछिन्नै सकेन । अन्त्यमा त म नै प्रथम भएँ । मलाई सबैले स्याबासी दिए । मैले पुरस्कार पनि पाएँ । त्यति बेला मलाई जिस्क्याउने केटाकेटीहरू शिर निहुराएर उभिरहेका थिए । म त्यसबेला कस्तो खुसी भएँ बाबा ! हजुरलाई थाहा छ ?


मेरो सपना हजुरलाई कस्तो लाग्यो ? म साँच्चिकै दौडिने हुन्छु कि हुँदिनँ, बाबा ? लेखिपठाउनुहोस् है ।

आजलाई यति नै !

तपाइँकी प्यारी छोरी

सृष्टि



## नमुना अभ्यास

१. सृष्टिले लेखेको चिठी पढेर कक्षामा सुनाऊ :

२. सच्याएर कापीमा सार

आसीरवाद, आसा, हुनोला, शपना, टाडा, इस्कुल, जिस्काउन, वैशाखी, खुटटा, अन्त्यमा सियावासी

३. **तलका शब्दको अर्थ खोजेर जोडा मिलाऊः**

| | |
|---|---|
| राती | सुतेपछि देखिने आकृति |
| सपना | छक्क |
| अचम्म | रात्री |
| कुनामा | स्वाद नभएको |
| नमिठो | कुनै पनि कार्यपश्चातको समय |

४. **तलका शब्दलाई वाक्यमा प्रयोग गर :**

आजसम्म, कस्तो, देखे, सुनाउने, प्रतियोगिता, खेल, गलल, जिस्क्याउन, नमिठो, मिसिएँ, चल्न, बज्यो, प्रथम

५. **तलका प्रश्नको उत्तर लेख**

(क) चिठी कसले कसलाई लेखेको हो ?

(ख) अतिरिक्त क्रियाकलापभित्र के के पर्दछन् ?

(ग) सृष्टिले सपनामा के देखिएकी थिई ?

(घ) स्कुलमा के प्रतियोगिता भएको थियो ?

(ङ) केटाकेटीले सृष्टिलाई के भनेर जिस्क्याउथे ?

६. **एउटा चारकुने कागजको टुक्राबाट चिठीको नमुना बनाएर कक्षामा देखाऊ :**

७. **चिठी लेख्दा कुन कुन कुराहरू कहाँ कहाँ लेखिन्छ साथीहरूसँग छलफल गरी कक्षामा शिक्षकलाई देखाऊ :**

८. **खाली ठाउँमा मिल्ने शब्द राखेर वाक्य पूरा गर ।**

(क) एउटा खुट्टा नभएकालाई ..................... भनिन्छ (अन्धो, बहिरो, लङ्गडो)

(ख) हिजो राती मैले कस्तो मज्जाको ..................... देखे (सपना, चरो, भिड)

(ग) स्कुलमा ..................... हुने वाला थियो (दौड प्रतियोगिता, भलिवल, फुटबल)

(घ) अन्त्यमा त मनै ..................... भए (लङ्गडि, प्रथम, द्वितीय)

(ङ) सबैले ..................... दिए (चक्लेट, स्याबासी, कुटाई)

९. तलका शब्दको उल्टो अर्थ आउने शब्द पाठबाट खोजेर लेख :

विपना :

निराशाः

अन्तिम :

मिठो :

पुरस्कार :

१०. आफू कक्षा चारमा प्रथम भएको अनुभव बटुल्दै बाबालाई चिठी लेख ।

# पाठ तीन

## निबन्ध

### १. विधागत परिचय

कुनै पनि विषय शीर्षकमा बाँधिएर लेखिने नै निबन्ध हो । यो साहित्यको गद्यात्मक विधा भएकाले मूलतः पाठ्यपुस्तकमा वस्तुपरक र आत्मपरक निबन्धहरू समावेश गरिएको पाइन्छ ।

### २. विधागत उद्देश्य

निबन्ध विधा शिक्षणका प्रमुख उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) गहन पठनबोध क्षमताको विकास गर्नु,

(ख) भाषाका ग्रहण र अभिव्यक्ति सिप विकास गर्नु ।

(ग) सस्वरपठन, श्रुतिबोध, श्रुतिलेखन, उच्चारण, शब्दार्थ, शब्द प्रयोगमा दक्ष गराउन ।

(घ) स्वतन्त्र आत्म प्रकाशन क्षमता बढाई व्यक्तित्व विकासमा सहयोग गराउन ।

(ङ) प्रश्नोत्तर, छलफल, बुँदाटिपोट सारांश लेखन आदि क्षमतामा विकास गराउन ।

## मेरो परिवार (निबन्ध)

अनिता गुरुआमा कक्षामा आउनुभयो । उहाँले कालो पाटीमा मेरो परिवार लेख्नुभयो ।

गुरुआमाले भन्नुभयो, “सबैको परिवार हुन्छ । हामी परिवारका सदस्य हौँ । मेरो परिवार सानो छ । मेरो परिवारमा जम्मा चार जना छौँ । मेरा श्रीमान् बेपार गर्नुहुन्छ । मेरी ठूली छोरी पाँच कक्षामा पढ्छिन् । मेरो छोरो एक कक्षामा पढ्छ ।”

जयन्त हात उठाउँदै उठ्यो । जयन्तले भन्यो, “गुरुआमा मेरो परिवार त ठुलो छ । मेरो परिवारमा सात जना छौँ । मेरा हजुरबा-हजुरआमा बुढाबुढी हुनुहुन्छ । उहाँहरूले मलाई धेरै माया गर्नुहुन्छ । मेरा बुबा शिक्षक हुनुहुन्छ । मेरी आमा अस्पतालमा नर्स हुनुहुन्छ । मेरा

त एक जना काका पनि हुनुहुन्छ । उहाँ बैंकमा काम गर्नुहुन्छ । मेरी बहिनी नर्सरीमा पढ्छे ।"




पूजाले जुरुक्क उठेर भनी, "गुरुआमा, मेरो परिवारमा तीन जना छौँ । मेरो परिवार ठुलो कि सानो ?" गुरुआमाले हाँस्दै भन्नुभयो, "तिम्रो परिवार सानो हो ।" पूजाले भनी, "मेरा बुबाआमा त खेतमा काम गर्नुहुन्छ ।"

पासाङले भन्यो, "मेरो परिवारमा त पाँच जना छौँ । मेरा बुबाआमा होटल चलाउनुहुन्छ । मेरा ठुला दाजु कक्षा दसमा पढ्नुहुन्छ । मेरी दिदी छ कक्षामा पढ्नुहुन्छ ।"

इक्रा केही बोल्न खोज्दै थिई । गुरुआमाले सोध्नुभयो, "इक्रा, तिम्रो परिवार नि ?"

इक्राले विस्तारै उठेर भनी, "गुरुआमा मेरो परिवार त धेरै ठूलो छ । मेरा त हजुरबा हजुरआमा हुनुहुन्छ । मेरा बुबाको कपडा पसल छ । मेरा काका गाडी कुदाउनुहुन्छ । मेरी ठुली फुपू लुगा सिलाउनुहुन्छ । मेरी सानी फुपू कलेजमा पढ्नुहुन्छ । मेरा ठुला दाजु आठ कक्षामा पढ्नुहुन्छ । साना दाजु पाँच कक्षामा पढ्नुहुन्छ । हाम्रो परिवार त ठुलो छ । हामी जम्मा दस जना छौँ ।



सबै जना उठेर आफ्नो परिवारका बारेमा भन्दै थिए । घण्टी लागिहाल्यो आजको कक्षा यसरी सकियो ।

## शब्दार्थ र अर्थ

परिवार : एउटै भान्सामा खाने घरका मानिसहरूको समूह, जहान

श्रीमान : लोग्ने, पति, न्यायधीश र ठूलाबडालाई सम्बोधन गर्ने शब्द

बुढाबुढी : उमेर ढल्केका मान्छे, वृद्धा, नरनारी, पतिपत्नी

कुँदाउनु : लखेट्नु, खेद्नु, दौडाउनु

कलेज : उच्च शिक्षाको अध्यापन गराउने शैक्षिक संस्था, हालको क्याम्पस

## नमुना अभ्यास

**१. सुनाइ सिप**

**तलको अनुच्छेद शिक्षकले पढेको सुनेर एक वाक्यमा उत्तर भन :**

गुरुआमाले भन्नुभयो, “सबैको परिवार हुन्छ । हामी परिवारका सदस्य हौ । मेरो परिवार सानो छ । मेरो परिवारमा जम्मा चार जना छौँ । मेरो श्रीमान् बेपार गर्नुहुन्छ । मेरी ठूली छोरी पाँच कक्षामा पढ्छिन् । मेरो छोरो एक कक्षामा पढ्छ ।”

(क) गुरुआमाले के भन्नुभयो ?

(ख) हामी परिवारमा के हौ ?

(ग) तिम्रो परिवारमा कतिजना सदस्य छन् ?

(घ) तिम्रो ठुली दिदीले कति कक्षामा पढ्छिन् ?

(ङ) तिमी कति कक्षामा पढ्छौँ ?

**२. बोलाइ सिप**

**(क) तिम्रो परिवारको बारेमा छोटो टिप्पणी लेखेर कक्षामा सुनाऊ :**

**३. शब्दज्ञान**

**(क) तलका शब्दहरूलाई शुद्ध बनाई लेख :**

शदसय, सीरिमान, अशपतालमा, नरशरीमा

**(ख) तलका शब्दको अर्थ लेख :**

बेपार, गुरुआमा, नर्स, बैङ्क, पाटी

**(ग) तलका शब्दहरू शुद्धसँग उच्चारण गर :**

श्रीमान, जयन्त, जुरुक्क, हाँस्दै, होटल

**(घ) अर्थ खुल्ने गरी वाक्यमा प्रयोग गर :**

कक्षामा, कालोपाटीमा, सदस्य, पढ्छ, उठाउँदै

(ङ) **तलका शब्दहरूको उल्टो अर्थ दिने शब्द लेख :**

सानो, श्रीमान, बुढाबुढी, काका, बहिनी

४. **सस्वरपठन**

(क) पाठको तेस्रो अनुच्छेद कक्षामा पालैपालो सस्वरपठन गरी साथीहरूलाई सुनाऊ

(ख) पाठको चौथो अनुच्छेद साथीले पढेको सुनी त्यहाँ प्रयोग भएका अप्ठ्यारा शब्दहरू आफ्नो कापीमा टिप र तीनको अर्थ खोजी कक्षामा पढेर सुनाउः

५. **पठनबोध**

१. **तलका वाक्यहरू ठिक भए (✓) र बेठिक भए (✗) चिह्न लगाऊ :**

(अ) अनिता गुरुआमा कक्षामा आउनुभयो ।

(आ) सबैको परिवार हुँदैन ।

(इ) हामी परिवारको सदस्य हौ ।

(ई) कालो पाटीमा मेरो परिवार लेख्नु भएन ।

(उ) काका गाडी कुदाउनु हुँदैन ।

२. **निम्नलिखित प्रश्नहरूको छोटो उत्तर लेख :**

(क) गुरुआमाले के भन्नुभएको थियो ?

(ख) हामी परिवारका के हौ ?

(ग) जयन्तकी आमा के हुनुहुन्छ ?

(घ) तीन जनाको परिवारलाई के भनिन्छ ?

(ङ) पुजाको बुबा के मा काम गर्नुहुन्छ ?

३. **लामो उत्तर लेख :**

(क) संयुक्त परिवार भनेको के हो लेख ?

(ख) एकल परिवार भनेर कस्तो परिवारलाई बुझिन्छ ?

(ग) गुरुआमाका परिवारमा कतिजना सदस्य रहेका छन् ? खुलस्त पार्दै लेख ।

४. **तिम्रो परिवारमा कतिजना सदस्य छन् ? परिवारका सदस्यहरू के के काम गर्नुहुन्छ ? सबैले लेखेर ल्याऊ :**

५. **व्याख्या गर**

परिवार भनेको के हो?

६. **पठनबोध**

**सिर्जना**

- तिम्रो समुदायमा रहेको एकल परिवार शीर्षकमा १२० शब्दसम्मको निबन्ध लेख ।
- परिवारको महत्त्व शीर्षकमा निबन्ध लेख ।

# पाठ चार

## कविता

### १. विधागत परिचय

कविता शब्दको शाब्दिक अर्थ 'कविको कर्म' भन्ने हुन्छ । यो पूर्वीय तथा पाश्चात्य साहित्यमा प्रचलित प्राचीन पद्य विधा हो । रसयुक्त, भावनाको बौद्धिक कोमलतायुक्त र कल्पनाको अनुभूति सुसज्जित साहित्यको विधा नै कविता हो ।

### २. विधागत उद्देश्य

कविता विधा शिक्षणका प्रमुख उद्देश्यहरू निम्नानुसार रहेका छन् :

(क) भाषिक सिप विकास गराउनु ।

(ख) लयबोध गराई वाचन कलामा सक्षम बनाउनु ।

(ग) कविता रचना तर्फ अभिप्रेरित गराउनु ।

(घ) शब्दभण्डार, व्याख्या, विवेचना, सप्रसङ्ग व्याख्या सिपको विकास गराउनु ।


(ङ) चरित्र वा व्यक्तित्व विकास गराउनु ।

## कति राम्रो हाम्रो देश (कविता)

- कृष्णप्रसाद पराजुली

कति राम्रो हाम्रो देश
आफ्नै बोली, आफ्नै भेष ।

देश छैन सानु यो
हिमचुली नै छानु हो ।
चन्द्रसूर्य ध्वजा ली
माथिमाथि जानु हो ।



हामीलाई रमाइलो
हिमालको छाया छ
सधैँभरि मनभित्र
नेपालको माया छ ।

जति सम्झ्यो सम्झिने
देशको घामपानीलाई ।
आँखाभित्र देखिने
आफ्नै बाबानानीलाई ।

फूलजस्तो राम्रो यो
जूनजस्तो राम्रो यो ।

सगरमाथा शिरमा

राख्ने देश हाम्रो हो ।



**शब्द र अर्थ**

भेष :  लुगा

ध्वजा : झण्डा

बोली : वचन

फूल :  पुष्प

शिर :  टाउको

चन्द्र :  जुन

माया : प्रेम

सूर्य :  घाम

## नमुना अभ्यास

### १. सुनाइ सिप

तलको अनुच्छेद शिक्षकले पढेको सुनेर ठिक बेठीक छुट्याऊः

हाम्रो देश नेपाल राम्रो छ । यहाँ आफ्नै बोली आफ्नै भेष, आफ्नै संस्कृति, चालचलन, रीतिरिवाजलाई मानिन्छ । हाम्रो देश नेपाल विभिन्न प्राकृतिक सम्पदाहरूले भरिपूर्ण भएको देश हो । यहाँ चारैतिरबाट घना जङ्गल, डाडाकाँडा, हिमचुली, पहाड, झरना, खोलानाला हिमचुली, पहाड, झरना, खोलानाथा हिमशृङ्खला आदिले परिपूर्ति भएको देश हो । त्यसैले नेपाललाई सुन्दर शान्त विशाल मानिन्छ ।

(क) हाम्रो देश नेपाल राम्रो छ ।

(ख) नेपालमा आफ्नो संस्कृति मानिँदैन ।

(ग) नेपाल विभिन्न प्राकृतिक सम्पदाले भरिपूर्ण देश हो ।

(घ) नेपालमा घना वनजङ्गल छैनन् ।

(ङ) नेपाल सुन्दर शान्त विशाल देश हो ।

### २. बोलाइ सिप

(क) नेपाल कस्तो देश हो ?

(ख) नेपालमा कसको बोली र भेष प्रयोग गरिन्छ ?

(ग) नेपालको छानो के हो ?

(घ) चन्द्र सूर्य ध्वजा लिएर कहाँ जान्छन् ?

### ३. शब्द ज्ञान

(क) तलका शब्दहरू उच्चारण गर :

चन्द्रसूर्य, ध्वजा, भेष, हिमचुली, सक्थ्यो, सम्झिने

(ख) तलका शब्दहरूको अर्थ लेख

चन्द्र, देश, भेष, फूल, शिर

**(ग) शुद्ध बनाइ पुनर्लेखन गर :**

देस, शानो, हिमचूलि, हामिलाइ, मनभीत्र

**(घ) उल्टो अर्थ दिने शब्द लेख**

माया, फूल, जून, सर्प, सानो

**(ङ) ठिक शब्द छानी वाक्य पूरा गर :**

(अ) ध्वजा .................... हो । (झण्डा, दण्डा, भेष)

(आ) हिमाललाई .................... भनिन्छ । (सगरमाथा, पहाड, हिमचुली)

(इ) अग्लो हिमालको नाम .................... हो । (डाँडा, सगरमाथा, धौलागिरी)

(ई) घरको माथिल्लो भागलाई .................... भनिन्छ (मानो, छानो, विरानो)

(उ) लुगा कपडालाई .................... भनिन्छ (भेष, पोषक, जामा)

**(च) उस्तै उस्तै सुनिने दुईवटा शब्द लेख**

उदाहरण :

हाम्रो - राम्रो - चाम्रो, साम्रो

(क) देश, केश

(ख) छानु

(ग) गर्ने

(घ) कति

**४. सस्वरपठन**

(क) कति राम्रो देश कवितालाई पालैपालो कक्षामा गति, यति र लयमिलाई वाचन गर ।

(ख) कति राम्रो हाम्रो देश कविता लय हालेर शिक्षकबाट सुन ।

## ५. पठनबोध

**(क) तलका वाक्यहरू ठिक भए (✓) बेठीक भए (✗) चिह्न लगाऊ ।**

(अ) हाम्रो देशको छानो हिमचुली हो ।

(आ) चन्द्रसूर्य ध्वजा लिएर माथि जानु होइन ।

(इ) हिमालको छाया रमाइलो छ ।

(ई) नेपालको माया मनभित्र छैन ।

(उ) जति सम्झ्यो सम्झिने देशको घाम पानीलाई हो ।

**(ख) तलका प्रश्नहरूको छोटो उत्तर लेख :**

(अ) नेपालीका मनभित्र के छ ?

(आ) चन्द्रसूर्य ध्वजा कहाँ लैजानु पर्दछ ?

(इ) सगरमाथाको शिरमा के छ ?

(ई) नेपालको छानो के हो ?

(ऊ) नेपालीले आँखाभित्र के देख्छन् ?

**(ग) लामो उत्तर लेख :**

(अ) हाम्रो देश नेपाललाई के ले चिनाएको छ ?

(आ) नेपालको झण्डामा कुन रङ्ग र कुन कुन चिह्नहरू अंकित छन् आफ्नो विचार लेख ।

**(घ) तलको कवितांशको व्याख्या गर :**

कति राम्रो हाम्रो देश

आफ्नै बोली आफ्नै भेष ।

## ६. **सिर्जना**

- तलको कविता पूरा गर र मिल्दो शीर्षक राख

घाम जस्ता बाबुहरू

.................. नानी ।

अधेरीमा बत्ती बन

................. पानी ।

आज राम्रो पढ बाबा

................ हुन्छ ।

............... भने

देश राम्रो हुन्छ ।

- कुनै एउटा शीर्षकमा कविता लेखेर कक्षामा सुनाऊ ।

# अध्याय पाँच

# सारांश, निष्कर्ष र उपयोगिता

## ५.१ सारांश

कुनै पनि विषयमा गहिरिएर अध्ययन, विश्लेषण, खोज गरी नयाँ तथा प्रमाणित गर्नु अथवा पुरानो कुरालाई थप प्रमाणसहित पुष्टि गर्नु नै अनुसन्धान हो । यो आफैँमा एक जटिल तथा गहन कार्य हो । वर्तमान समयमा जति पनि ज्ञानको क्षितिज फराकिलो हुँदै गएको छ, त्यो सबै अनुसन्धानकै देन हो । भाषा मानवीय विचार विनिमयको सबैभन्दा विश्वसनीय र प्रभावकारी माध्यम हो । भाषा सुनाइ, बोलाइ, पढाइ र लेखाइ चारैवटा सिपहरूको विकास गराउने उद्देश्यले सञ्चालित शिक्षण सिकाइ क्रियाकलाप नै भाषा शिक्षण हो । सोही भाषा शिक्षणका लागि विज्ञ समूहमा तयार पारिएको स्तरअनुकूल सहयोगी पाठ्यपुस्तक नै भाषा पाठ्यपुस्तक हो ।

प्रस्तुत शोधकार्य कक्षा चारको नेपाली विषयको नमुना पाठ्यपुस्तक निर्माणमा केन्द्रित छ । भाषा पाठ्यक्रमका आधारभूत सिद्धान्तलाई आत्मसात् गरी यस शोधमा नमुना पाठहरू तथा अभ्यासहरू निर्माण गरिएका छन् । नमुना पाठहरूमा कथा, कविता, चिठी र निबन्धलाई समावेश गरिएको छ । विद्यार्थीहरूले भाषा सिकाइ सुनाइ, बोलाइ, पढाइ र लेखाइका माध्यमबाट नै सिक्ने हुँदा प्रस्तुत शोधपत्रमा निर्माण गरिएका पाठहरूमा सुनाइ, बोलाइ, पढाइ र लेखाइसम्बन्धी अभ्यासहरू समावेश गरी त्यसैअनुसार भाषा सिकाउन प्रेरित गरिएको छ । उक्त कार्यलाई अगाडि बढाउन नेपाल सरकार पाठ्यक्रम विकास केन्द्रद्वारा प्रकाशित पाठ्यपुस्तक, विभिन्न निजी प्रकाशनद्वारा प्रकाशित सम्बन्धित तहका पुस्तक बाल कथा तथा पत्रपत्रिकालाई आधार बनाइएको छ । उक्त नमुना पाठ्यपुस्तक निर्माण पश्चात सम्बन्धित तहमा समेत परीक्षण गरिएको छ ।

## ५.२ निष्कर्ष

प्रस्तुत अध्ययनबाट निम्नानुसार निष्कर्ष निकालिएको छ ।

(क) प्रस्तुत शोधमा कथा, कविता, चिठी र निबन्ध गरी चारवटा विधा छनोट गरिएको छ ।

(ख) नमुना अभ्यास निर्माणमा भाषिक सिपहरू (सुनाइ, बोलाइ, पढाइ र लेखाइ) तथा सिर्जनात्मकपक्षलाई मध्यनजर गरिएको छ ।

(ग) पाठ्यवस्तु छनोटमा विद्यार्थीको स्तर, उमेर, रुचि र क्षमता जस्ता कुराहरूलाई ध्यानमा राखी छनोट गरिएको छ ।

(घ) विधा छनोटमा समावेशी पक्षलाई समेत ख्याल गरिएको छ ।

(ङ) विधागत परिचय विधागत उद्देश्य समेत सामान्य रूपमा प्रस्तुत गरिएको छ ।

(च) निबन्ध विधाको माध्यमबाट बोध तथा अभिव्यक्ति क्षमताको विकास गराउनु रहेको छ ।

(छ) सुनाइ सिपमा शिक्षकबाट अनुच्छेद सुनी अभ्यास गर्न प्रेरित गरिएको छ ।

(ज) बोलाइ सिपमा मौखिक प्रश्नोत्तर गर्न प्रेरित गरिएको छ ।

(झ) शब्द ज्ञानमा शुद्धोच्चारण, शब्द र अन्य वाक्यमा प्रयोग शुद्ध लेखन शब्द खोज जस्ता अभ्यास समावेश गरिएको छ ।

(ञ) सस्वर पठन अभ्यासलाई समेत यथोचित स्थान दिएको छ ।

(ट) पठनबोधमा ठिक बेठिक छुट्याउने, छोटो प्रश्नोत्तर, लामो प्रश्नोत्तर व्याख्या, खाली ठाउँ भर्ने जोडा मिलाउने जस्ता अभ्यास समावेश गरिएको छ ।

(ठ) सिर्जनात्मक अभ्यासमा विधा अनुरूपका निर्देशित र स्वतन्त्र अभ्यास समावेश गरिएको छ ।

## ५.३ उपयोगिता

प्रस्तुत अध्ययनका नीतिगत र तहगत उपयोगितालाई निम्नानुसार प्रस्तुत गरिएको छ ।

### ५.३.१ नीतिगत तह

(क) उक्त अध्ययनले पाठ्यक्रम निर्माता, नीतिनिर्माताहरूलाई पाठ्यक्रममा सुधार, संशोधन तथा परिमार्जन गर्न प्रस्तुत शोध कार्य सहयोगी हुनेछ ।

(ख) नेपाली भाषा पाठ्यपुस्तक निर्माण गर्ने क्रममा कक्षा चारको नेपाली भाषा पाठ्यपुस्तकको पाठ्यसामग्री संकलनमा यस शोधकार्यले सहयोग पुऱ्याउने छ ।

(ग) भाषा पाठ्यपुस्तक निर्माण गर्नुका साथै सुनाइ, बोलाइ, पढाइ लेखाइ सिपको विकास गर्ने खालका नमुना अभ्यासको छनोट र स्तरण गर्न सहयोग पुग्ने देखिन्छ ।

(घ) विद्यार्थीको रुचि, क्षमता र उमेर सुहाउँदो विषय वस्तु छनोट संगठन र अभ्यास लेखनमा, लेखन प्रकाशन, शिक्षक, विद्यार्थी र अभिभावकलाई सहयोग पुऱ्याउने छ ।

(ङ) भाषा पाठ्यपुस्तक निर्माण गर्दा पाठ्यपुस्तक निर्माण, विशेषज्ञलाई पाठ्यवस्तु छनोट र निर्माण गर्न, आवश्यक सुधार गर्न उपयोगी हुनेछ ।

(च) समसामयिक भाषा पाठ्यक्रम परिमार्जन र परिमार्जित पाठ्यक्रमका लागि यस अध्ययनलाई कार्यगत अनुसन्धानका रूपमा लिई नमुना पाठ अभ्यासहरूमा सुधार गर्न प्रस्तुत अध्ययनले मार्ग निर्देशन प्रदान गर्नेछ ।

### ५.३.२ प्रयोगगत तह

(क) प्रस्तुत अध्ययनलाई कक्षा चारमा विद्यार्थीसामु पठनपाठन गर्न गराउन उपयोग गर्न सकिनेछ ।

(ख) पाठ्यक्रम तथा पाठ्यपुस्तकको अभाव रहेको सन्दर्भमा यस अध्ययनमा समेटिएका नमुना पाठ र तिनका अभ्यासबाट विद्यार्थीमा सुनाइ बोलाइ पढाइ र लेखाइ सिप अभिवृद्धि गराउन उपयोग  गर्न सकिनेछ ।

(ग) प्रस्तुत अध्ययनलाई नमुना मानी अन्य विधाका पाठ र तिनका अभ्यास निर्माण गर्ने सन्दर्भमा उपयोग गर्न सकिने छ ।

(घ) प्रस्तुत अध्ययनले विद्यार्थीको रुचि र स्तर सुहाउँदो विषयवस्तु छनोट संगठन र अभ्यास लेखनका लेखक, शिक्षक, विद्यार्थी र अभिभावकलाई सहयोग पुऱ्याउनेछ ।

(च) प्रस्तुत अध्ययनमा समाविष्ट नमुना पाठहरू विद्यार्थीका लागि शिक्षकका लागि अभिभावकका लागि विद्यालय भित्र र विद्यालय बाहिर उपयोगी हुनेछन् ।

## ५.४ सुझावहरू

(क) विधाहरूको छनोट विद्यार्थीहरूको रुचि, स्तर, चाहना र क्षमताअनुकूल हुनुपर्ने ।

(ख) भाषा पाठ्यपुस्तकको निर्माण भाषा पाठ्यक्रमबमोजिम नै हुनुपर्ने ।

(ग) कार्यपरक व्याकरणमा जोड दिइनु उचित हुने ।

(घ) भाषा पाठ्यपुस्तकलाई ज्ञानका साथै बढी सिपपरक बनाइनुपर्ने ।

(ङ) विधाहरूको छनोट अभ्यासगत कार्यहरू उदाहरणहरू आदिमा समावेशिता हुनुपर्ने ।

(च) स्वतन्त्र रचनालाई प्रभावकारी रूपमा अभ्यासमा समावेश गरिनुपर्ने ।

(छ) विद्यार्थी कार्यकलापलाई सक्रिय हुने खालका अभ्यासहरूमा बढी मात्रामा जोड दिइनुपर्ने ।

# सन्दर्भसूची


अधिकारी, हेमाङ्गराज (२०६७), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

कोइराला, शोभा (२०७०), 'कक्षा चारको नेपाली विषयको नेपाली पाठ्यपुस्तक निर्माण', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

खनाल, मेनुका (२०७०), 'कक्षा छको नेपाली विषयको नमुना पाठ्यपुस्तक निर्माण', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

घिमिरे, माधव (२०६८), 'कक्षा चारको नेपाली पुस्तकका लागि प्रमुख विधाको नमुना लेखन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढकाल, ममता (२०६६), 'कक्षा सातको हाम्रो नेपाली किताबमा समावेश गरिएका चित्रहरूको अध्ययन', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

ढुङ्गेल र अन्य (२०६९), 'भाषिक बाल प्रकाशन', *मुना,* वर्ष २२, अङ्क ७, पूर्णाङ्क २५९, काठमाडौँ : गोरखापत्र संस्थान ।

न्यौपाने, उमेशराज (२०७०), 'कक्षा ६ को नेपाली पाठ्यपुस्तकका लागि नमुना कथाको छनोट', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

पौडेल, माधवप्रसाद (२०६९), *प्रायोगिक भाषाविज्ञानका प्रमुख आयामहरू,* काठमाडौँ : हेरिटेज पब्लिसर्स एण्ड डिस्ट्रिब्युटर्स प्रा.लि. ।

पौडेल, राजेन्द्रप्रसाद (२०६६), 'माध्यमिक तह (कक्षा ९ र १०) का नेपाली पाठ्यपुस्तकको पठनीयताको अध्ययन', विद्यावारिधि शोधप्रबन्ध, मानविकी तथा सामाजिकशास्त्र संकाय, नेपाली केन्द्रीय विभाग, त्रि.वि., कीर्तिपुर ।

*प्रकाशन शैली* (२०७६), नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, भक्तपुर : पाठ्यक्रम विकास केन्द्र ।

प्रधान, मीरा (२०६८), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : अक्सफोर्ड इन्टरनेशनल पब्लिकेसन प्रा.लि. ।

बस्नेत, नानीराम (२०७०), 'कक्षा सातको भाषा पाठ्यपुस्तकको नमुना पाठ छनोट तथा निर्माण', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

बुढा, गणेशकुमार (२०७१), 'कक्षा चारको नेपाली पाठ्यपुस्तकका लागि नमुना पाठ निर्माण', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

भट्टराई, रामप्रसाद (२०७३), *भाषिक अनुसन्धान विधि, परिचय र प्रयोग,* काठमाडौँ : शुभकामना प्रकाशन प्रा.लि. ।

लामिछाने, यादवप्रकाश (२०६७), *नेपाली भाषा शिक्षण,* काठमाडौँ : विद्यार्थी पुस्तक भण्डार ।

शर्मा, चिरञ्जीवी र अन्य (२०६८), *पाठ्यक्रम योजना र अभ्यास,* काठमाडौँ :

सिंह, साधना (२०७०), 'कक्षा चारको नेपाली पाठ्यपुस्तकका लागि नमुना कथाको छनोट र आभ्यास निर्माण', स्नातकोत्तर शोधपत्र, शिक्षाशास्त्र सङ्काय, नेपाली भाषा शिक्षा विभाग, त्रि.वि., कीर्तिपुर ।

# व्यक्तिवृत

| | | |
|---|---|---|
| नाम | : | सीता के.सी. |
| जन्ममिति | : | २०४४/०४/१० |
| ठेगाना | : | मुसिकोट न.पा.-२, गुल्मी |
| बुवाको नाम | : | केशवबहादुर क्षेत्री (के.सी.) |
| आमाको नाम | : | उजेली कुमारी क्षेत्री (के.सी.) |
| लिङ्ग | : | महिला |
| भाषा | : | नेपाली |
| धर्म | : | हिन्दु |
| राष्ट्रियता | : | नेपाली |
| पेशा | : | अध्ययन |
| सम्पर्क नम्बर | : | ९८४७२६५७४२ |

**अध्ययन गरेका शिक्षण संस्थाहरू**

| क.स. | उत्तीर्ण तह | शिक्षण संस्था | उत्तीर्ण साल |
|---|---|---|---|
| १ | एस.एल.सी. | श्री पृथ्वी मा.वि., गुल्मी | २०६१ |
| २ | प्रवीणता प्रमाणपत्र तह | महेन्द्र आदर्श उच्च मा.वि., वामीटक्सार, गुल्मी | २०६६ |
| ३ | स्नातक तह | रेसुङ्गा बहुमुखी क्याम्पस, तम्घास, गुल्मी | २०७१ |
| ४ | स्नातकोत्तर तह (एम.एड.) | विश्वविद्यालय क्याम्पस, कीर्तिपुर, काठमाडौं | २०७५ |

# नेपाली

## १. परिचय

विद्यालयीय शिक्षामा नेपाली भाषाको महत्त्वपूर्ण स्थान छ । विद्यालय तहको प्रारम्भिक कक्षादेखि अनिवार्य पठनपाठन हुने यस विषयलाई प्रभावकारी र व्यावहारिक ढङ्गले शिक्षण गर्न उपयुक्त पाठ्यक्रम एवम् पाठ्यसामग्री हुनुपर्छ । उद्देश्यमूलक, समयसापेक्ष र व्यावहारिक पाठ्यक्रमले मात्र परिवर्तित सन्दर्भ, सामाजिक मूल्यमान्यता, विश्वजनीन नवीनतम ज्ञान र न्यूनतम विषयगत ज्ञानलाई समेट्न सक्छ ।

नेपाली भाषा विषयको यस पाठ्यक्रममा विभिन्न उमेर समूहका सम्पूर्ण बालबालिकालाई सिकाइप्रति उत्प्रेरित गराउन आवश्यक पर्ने ज्ञान, सीप र अभिवृत्तिगत सिकाइ उपलब्धि, शिक्षण क्रियाकलाप र मूल्याङ्कन प्रक्रियालाई विस्तारित रूपमा प्रस्तुत गरिएको छ । प्राथमिक तहमा नेपाली सिकाइनुको प्रयोजन वर्णचिनारी, शब्दार्थ र सरल वाक्यको प्रयोग तथा सामान्य भाषिक दक्षता अभिवृद्धि गर्नु हो । यसका लागि निम्नलिखित कुराहरूमा जोड दिएको छ :

- पाठ्यक्रमलाई सामयिक, उपयोगी र व्यवहारमूलक बनाउने प्रयास गरिएको छ ।
- दैनिक जीवनमा भाषा प्रयोगलाई सजिलो पार्ने र माथिल्लो तहको शिक्षा आर्जन गर्न आवश्यक पर्ने भाषिक क्षमता विकास गर्ने पक्षलाई जोड दिइएको छ ।
- भाषा सिकाइलाई सीपगत सिकाइ उपलब्धिमा निर्धारण गरी सुनाइ, बोलाइ, पढाइ र लेखाइ सीपको विकासका लागि उपयुक्त पाठ्यवस्तुको छनोट एवम् स्तरणमा सचेततापूर्वक सीमाङ्कन गरिएको छ ।
- विषयवस्तुको क्षेत्र र क्रमलाई तुलनात्मक रूपमा प्रस्तुत गरिएको छ ।
- भाषिक सीप विकासका लागि पूरकरूपमा कार्यमूलक व्याकरण र शब्दार्थ/शब्दभण्डारलाई समावेश गरिएको छ ।
- शिक्षण प्रक्रियाको सहजीकरणका लागि सिकाइ उपलब्धि विस्तृतीकरण, भाषिक सीपगत पाठ्यभार, शिक्षण सिकाइका कार्यकलाप र विद्यार्थी मूल्याङ्कनका प्रक्रिया निर्देश गरिएको छ ।
- जातीय, लैङ्गिक र क्षेत्रीय रूपले सन्तुलन कायम गर्दै जीवनोपयोगी सीपलाई समावेश गर्ने प्रयत्न गरिएको छ ।

## २. तहगत साधारण उद्देश्य

प्राथमिक तहको अध्ययन पूरा गरेपछि नेपाली भाषामा विद्यार्थीहरू निम्नलिखित कार्य गर्न सक्ने छन् :

**(क) सुनाइ सीप**

- विभिन्न प्रकारका निर्देशनहरू सुनेर सोहीअनुसार गर्न ।
- कुनै विषयवस्तुको वर्णन, छलफल आदि ध्यानपूर्वक सुनेर तिनको अर्थ र आशय बुझी प्रतिक्रिया जनाउन ।
- बालकथा, बालगीत, कविता आदि आनन्द लिने गरी सुन्न ।

(ख) **बोलाइ सीप**

- शब्दहरू शुद्ध र स्पष्टसँग उच्चारण गरी स्वाभाविक गतिका साथ बोल्न ।
- देखेसुनेका र अनुभव गरेका कुरा सिलसिला मिलाई बताउन ।
- कुराकानी, छलफल आदिमा आफ्ना कुरा धक नमानी शिष्ट ढङ्गले राख्न ।

(ग) **पढाइ सीप**

- नेपाली भाषामा लेखिएका सरल पाठ्यसामग्रीहरू गति र यति मिलाई स्पष्ट रूपमा पढ्न ।
- स-साना सूचना विवरण पढेर आशय बुझ्न ।
- सरल बालसाहित्यका रचनाहरू रुचि लिई पढ्न ।

(घ) **लेखाइ सीप**

- ठीक दुरीमा बान्की मिलाएर अक्षर लेख्न ।
- देखेसुनेका र अनुभव गरेका कुराहरू सिलसिला मिलाएर शुद्धसँग लेख्न ।
- आफ्नो अनुभवका सेरोफेरोका विषयमा छोटा लिखित रचना तयार गर्न ।

३. **क्षेत्र तथा क्रम तालिका**

| क्षेत्र | कक्षा ४ | कक्षा ५ |
|---|---|---|
| सुनाइ | - निर्देशन<br>- प्रश्नोत्तर, कुराकानी, छलफल<br>- बालगीत, कथा<br>- विद्युतीय सञ्चार साधनका कार्यक्रम आदि | - निर्देशन, अनुरोध<br>- प्रश्नोत्तर, कुराकानी, छलफल, वर्णन<br>- बालगीत, कथा<br>- विद्युतीय सञ्चार साधनका कार्यक्रम आदि |
| बोलाइ | - स्वाभाविक बोलाइ<br>- शिष्टाचारका शब्द<br>- कुराकानी, सोधपुछ, प्रश्नोत्तर, छलफल, वर्णन, संवाद, अभिनय<br>- बालगीत, बालकथा, गाउँखाने कथा, चुट्किला आदि | - स्वाभाविक बोलाइ<br>- शिष्टाचारका शब्द<br>- कुराकानी, सोधपुछ, प्रश्नोत्तर, छलफल, वर्णन, संवाद, अभिनय, उद्घोषण<br>- बालगीत, बालकथा, गाउँखाने कथा, चुट्किला आदि |
| पढाइ | - साधारण सूचना विवरण, चिठीपत्र, समाचार<br>- पोस्टर, भित्तेपात्रो<br>- सरल बालसाहित्य आदि | - साधारण सूचना विवरण, चिठीपत्र, निवेदन, समाचार<br>- पोस्टर, भित्तेपात्रो<br>- सरल बालसाहित्य आदि |
| लेखाइ | - चित्र र वस्तुको वर्णन<br>- अनुलेखन<br>- हिज्जे<br>- श्रुतिलेखन<br>- निर्देशित रचना<br>- स्वतन्त्र रचना<br>- चिह्नको प्रयोग | - चित्र र वस्तु तथा अनुभवको वर्णन<br>- अनुलेखन<br>- हिज्जे<br>- श्रुतिलेखन<br>- निर्देशित रचना<br>- स्वतन्त्र रचना<br>- चिह्नको प्रयोग |
| कार्यमूलक व्याकरण | - पद सङ्गति<br>- क्रियाका काल | - पद सङ्गति<br>- क्रियाका काल |

## ४. सिकाइ उपलब्धिको विस्तृतीकरण

यस विषयमा कक्षागतरूपमा बालबालिकाहरूले हासिल गर्ने सिकाइ उपलब्धिहरूलाई विशिष्ट उद्देश्यका रूपमा प्रस्तुत गरिएको छ । सिकाइ उपलब्धिको विस्तृतीकरण तलको तालिकामा प्रस्तुत गरिएको छ :

कक्षा : ४ **पाठ्यभार : २५६ घन्टी**

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | सिकाइ उपलब्धिको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| सुनाइ | १. साधारण निर्देशन सुनेर पालन गर्न । | ▪ एकैपटक दिएका निर्देशनहरू सुनेर क्रमिक रूपमा पालना गर्न । | ▪ एकैपटक एकभन्दा बढी निर्देशन दिई कक्षाकार्य/गृहकार्य गर्न लगाउने (जस्तै : पाठ चार पढ, नयाँ शब्द कापीमा सार र शिक्षकलाई सुनाऊ । | ▪ निर्देशन दिएअनुसार विद्यार्थीले काम गरेनगरेको अवलोकन गर्ने । | ३८ घन्टी |
| | | ▪ साधारण सूचना सुनेर कसैलाई बताउन । | ▪ शिक्षकले साधारण सूचना विद्यार्थीलाई सुनाएर सोही सूचना अर्को विद्यार्थीलाई सुनाउन लगाउने । | ▪ सूचना सुनेको विद्यार्थीले सुनेको कुरा अर्को विद्यार्थीलाई ठीक ढङ्गले बताएनबताएको ख्याल गर्ने । | |
| | २. सुरका आधारमा उस्तै जस्ता सुनिने वाक्यहरू सुनेर तिनीहरूको फरक अर्थ बताउन । | ▪ सुरका आधारमा उस्तै जस्ता सुनिने वाक्यहरू सुनेर तिनीहरूको फरक अर्थ बताउन । | ▪ विद्यार्थीलाई "भाइ आयो । भाइ आयो ?" बाहिर घाम लागेको छ । बाहिर घाम लागेको छ ? जस्ता वाक्य सुनाएर तिनको फरक बताउन लगाउने । | ▪ वाक्यको ठीक अर्थ बुझेनबुझेको सुनेर प्रतिक्रिया दिने । | |
| | ३. विशेष परिवेशमा भएका कुराकानी, छलफल, वर्णन सुनेर प्रतिक्रिया जनाउन । | ▪ विशेष परिवेशमा (मन्दिर, हाटबजार, मेला, भेला, जात्रा आदि) हुने कुराकानी, छलफल, वर्णन सुनी प्रतिक्रिया जनाउन । | ▪ शिक्षकले विद्यार्थीहरूलाई मन्दिर, हाटबजार, मेला, जात्रा आदि ठाउँमा घुमाउन लैजाने र विद्यार्थीले ती ठाउँमा सुनेका कुराहरू भन्न तथा ती ठाउँप्रतिको उनीहरूको प्रतिक्रिया व्यक्त गर्न लगाउने । | ▪ विद्यार्थीहरूले आफूले घुमेका ठाउँबारे भनेका र प्रतिक्रिया जनाएका विषयका बारेमा ठीक वा बेठीक भनी शिक्षकले पनि प्रतिक्रिया दिने । | |
| | ४. आफ्नो परिवेशमा आयोजना हुने कार्यक्रम सुनेर प्रतिक्रिया दिन । | ▪ आफ्नो परिवेशमा आयोजना हुने कार्यक्रम (वादविवाद, कथावाचन, प्रवचन, नाटक, लोकगीत आदि) सुनेर प्रतिक्रिया दिन । | ▪ शिक्षकले आफ्नो परिवेशमा हुने वादविवाद, कथावाचन, नाटक, प्रवचन, लोकगीत आदिमा संलग्न गराई आफ्नो प्रतिक्रिया व्यक्त गर्न लगाउने । | ▪ वादविवाद, कथा, प्रवचन, नाटक, लोकगीत आदि ठीक तरिकाले सुनेनसुनेको अवलोकन गर्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | सिकाइ उपलब्धिको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| | ५. विद्युतीय सञ्चार माध्यमबाट प्रसारित बाल उपयोगी कार्यक्रम सुनेर प्रतिक्रिया जनाउन । | ▪ रेडियो टेलिभिजनमा प्रसारण भएका बाल उपयोगी कार्यक्रम सुनेर प्रतिक्रिया जनाउन । | ▪ शिक्षकले विद्यार्थीलाई आफ्नो घर, परिवार र समुदायमा रेडियो/टिभीमा प्रसारण हुने उनीहरूका लागि उपयोगी विभिन्न कार्यक्रम सुनेर ती कार्यक्रमका राम्रा पक्ष टिपोट गर्न निर्देशन दिने । | ▪ विद्यार्थीलाई रेडियो/टिभीमा सुनेका बालगीत, कविता तथा कथाको मुख्य अंश भन्न लगाउने । (यो सुनाइ सीप विकासका लागि मात्र हो । उनीहरूले भन्न नसके पनि सुन्न उत्प्रेरित गर्ने) | |
| बोलाइ | ६. संयुक्त वर्ण भएका शब्दहरूको शुद्ध उच्चारण गरी स्वाभाविक गतिमा बोल्न । | ▪ संयुक्त वर्ण भएका शब्दहरूको शुद्ध उच्चारण गरी स्वाभाविक गतिमा बोल्न । | ▪ संयुक्त वर्ण भएका खेल्थ्यो, भन्थ्यो, गर्थ्यो, च्याट्ट, ट्वाक्क, खुर्, भुर्, आँखा, दाँत, घाँटी, बाँदर, मांस, भैँसी, काँध, टाँक, भाँडा, भँडार, ब्युँभन्, ब्वाँसो आदि जस्ता शब्दहरू सुनाएर शुद्धसँग उच्चारण गर्न लगाउने । | ▪ शुद्ध उच्चारण गरेनगरेको सुन्ने । | ५१ घन्टी |
| | | ▪ अँ, चाहिँ, नि जस्ता थेगो प्रयोग नगरी स्वभाविक गतिमा बोल्न । | ▪ विद्यार्थीलाई थेगो प्रयोग नगरी स्वाभाविक गतिमा बोल्न लगाउने । | ▪ थेगो प्रयोग नगरी स्वाभाविक गतिमा बोलेनबोलेको अवलोकन गर्ने । | |
| | ७. शिष्टाचारका शब्द प्रयोग गरी बोल्न । | ▪ नमस्ते/नमस्कार, तिमी, तपाईं, हजुर, धन्यवाद, माफ गर्नुहोला, क्षमा गर्नुहोला, कृपया, हवस् आदि शिष्टाचारका शब्द प्रयोग गर्न । | ▪ शिक्षकले विद्यार्थीलाई उल्लिखित शब्द प्रयोग गरी शिष्टाचार गर्न सिकाउने र विद्यार्थीलाई सोहीअनुसार गर्न प्रेरित गर्ने । | ▪ विद्यार्थीलाई शिष्टाचारका शब्द प्रयोग गरी बोल्न लगाउने र शिष्टाचार प्रयोग गरेनगरेको अवलोकन गर्ने (यसमा शब्द प्रयोग पक्षलाई मात्र जोड दिने ।) | |
| | ८. सामान्य विषयमा धक नमानी सोधपुछ, कुराकानी, प्रश्नोत्तर, वर्णन र छलफल गर्न । | ▪ चित्र वस्तु, घटना, पढेका र अनुभव गरेका कुरा, सिलसिला मिलाएर स्वाभाविक गतिमा मौखिक वर्णन गर्न । | ▪ शिक्षकले विद्यार्थीलाई उनीहरूले देखेका, सुनेका र पाठ्यपुस्तक तथा अन्य सामग्रीमा रहेका चित्र, वस्तु, घटना तथा अनुभव गरेका कुराहरूको मौखिक वर्णन गर्न लगाउने । यस क्रममा उनीहरूलाई पर्याप्त वर्णन, छलफल, प्रश्नोत्तरको अभ्यास गराउने । | ▪ शिक्षकले केही विद्यार्थीहरूले जानेसुनेका विषय, कुराकानी, छलफल, प्रश्नोत्तर र वर्णन गरेको सुन्ने । | |
| | ९. साधारण विषयमा हाउभाउसहित संवाद तथा अभिनय गर्न । | ▪ साधारण विषयमा हाउभाउसहित संवाद तथा अभिनय गर्न । | ▪ शिक्षकले कुनै विषय वा प्रसङ्ग दिई संवाद वा अभिनय गराउने । | ▪ उपयुक्त ढङ्गले संवाद वा अभिनय गरेनगरेको अवलोकन गर्ने । | |
| | १०. गति, यति र लय मिलाई गीत, कविता भन्न । | ▪ बालगीत र कविताहरू गति, यति र लय मिलाई व्यक्तिगत तथा समूहमा हाउभाउसहित गाउन । | ▪ विद्यार्थीलाई बालगीत र कविताहरू हाउभाउसहित सुनाउने र व्यक्तिगत तथा सामूहिक रूपमा गाउन लगाउने । | ▪ हाउभाउ मिलाएर गाएनगाएको अवलोकन गर्ने । | |
| | ११. आफूले जानेका बालकथा, गाउखाने कथा र चुट्किला भन्न । | ▪ आफूले जानेका बालकथा, गाउँखाने कथा र चुट्किला भन्न । | ▪ शिक्षकले विद्यार्थीलाई उनीहरूले जानेका बालकथा, गाउँखाने कथा, र चुटकिला भन्न लगाउने र उनीहरूले भन्न नसकेका ठाउँमा सहयोग गरी कथा पूरा गर्न उत्प्रेरित गर्ने । | ▪ विद्यार्थीले भनेका कथा, गाउँखाने कथा, चुट्किला सुन्ने ।<br>▪ विद्यार्थीलाई कथा, गाउँखाने कथा, चुट्किला भन्न लगाउने । | |

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | सिकाइ उपलब्धिको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| पढाइ | १२. गति, यति र लय मिलाई पढ्न । | ▪ गति, यति र लय मिलाएर स्पष्ट उच्चारण गरी पढ्न । | ▪ शिक्षकले विद्यार्थीलाई पाठ्यपुस्तकका पाठहरू एवम् आवश्यकतानुसार अन्य पाठ्यसामग्रीहरू पढ्न दिई गति, यति र लय मिलाएर स्पष्ट उच्चारण गरी पढ्न लगाउने । | ▪ ठीक तरिकाले पढेनपढेको अवलोकन गर्ने (अवलोकन गर्दा गति, यति र लय मिलाएनमिलाएको समेत ख्याल गर्ने ।) | ७७ घन्टी |
| | १३. पोस्टर, भित्तेपात्रो, हस्तलिखित सामग्री आदि पढ्न । | ▪ पोस्टर, भित्तेपात्रो, हस्तलिखित सामग्री आदि पढ्न । | ▪ शिक्षकले विद्यार्थीलाई विभिन्न ठाउँमा लगी पोस्टर भित्तेपात्रो, हस्तलिखित सामग्री पढ्न लगाउने र पढिसकेपछि उनीहरूले पढेका कुरा भन्न लगाउने । | ▪ पोस्टरहरू भित्तेपात्रो र हस्तलिखित सामग्री ठीक तरिकाले पढेनपढेको अवलोकन गर्ने । | |
| | १४. चिठीपत्र, समाचार र अन्य विवरणहरू पढ्न । | ▪ चिठीपत्र, समाचार र अन्य विवरणहरू पढ्न । | ▪ शिक्षकले विद्यार्थीलाई विद्यालयमा प्रयोग हुने चिठीपत्र, समाचार र अन्य विवरणहरू पढ्न दिई तिनका बारेमा प्रश्नोत्तर गराउने । | ▪ विद्यार्थीले चिठीपत्र, समाचार र अन्य विवरण पढेको जाँच्ने । | |
| | १५. बाल साहित्यहरू सस्वर र मौन रूपमा पढ्न । | ▪ सरल वर्णन यति, गति मिलाई सस्वर पढ्न । | ▪ विद्यार्थीलाई पाठ्यपुस्तकका प्रबन्ध, जीवनी आदि गद्य पाठहरू गति, यति मिलाई सस्वर पढ्न लगाउने । | ▪ पढ्न दिएका सामग्रीहरू सस्वर पढेनपढेको ख्याल गरी मूल्याङ्कन गर्ने । | |
| | | ▪ सरल कथा/कविताहरू हाउभाउसहित पढ्न । | ▪ पाठ्यपुस्तकमा भएका बालगीत/कथाहरू र अन्य बाल साहित्यका सामग्रीहरू ल्याई विद्यार्थीलाई पनि व्यक्तिगत र सामूहिक रूपमा लय मिलाएर पढ्न लगाउने । | ▪ पढ्न दिएका सामग्रीहरू सस्वर पढेनपढेको ख्याल गरी मूल्याङ्कन गर्ने । | |
| | | ▪ सरल बालसाहित्य मौन पठन गर्न । | ▪ विद्यार्थीलाई बालसाहित्य मौनपठन गर्न लगाई प्रश्नोत्तर गराउने । | ▪ विद्यार्थीले ठीक तरिकाले मौनपठन गरेनगरेको र प्रश्नको उत्तर ठीक तरिकाले दिएनदिएको अवलोकन गर्ने । | |
| लेखाइ | १६. चित्र तथा अन्य सरल विषयवस्तुको लिखित वर्णन गर्न । | ▪ आफूलाई मन पर्ने चित्रहरू र अन्य सरल विषयवस्तुको लिखित वर्णन गर्न । | ▪ शिक्षकले विद्यार्थीलाई मन पर्ने चित्र लिखित वर्णन गर्न लगाउने । (जस्तै : विद्यार्थीले चराको चित्र मन पराएमा चरा आकाशमा उड्छ । रूखमा बस्छ । चराले फुल पार्छ । जस्तो वर्णन गर्न लगाउने ।) यसै गरी उनीहरूले जानेका सरल विषयको वर्णन गर्न पनि लगाउने । | ▪ चित्र तथा अन्य सरल विषयको लिखित वर्णन गर्न लगाउने र वर्णन गर्न सकेनसकेको अवलोकन गर्ने । | ७७ घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | सिकाइ उपलब्धिको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| | १७. हिज्जे मिलाएर शब्द लेख्न । | ▪ संयुक्त वर्णको सही प्रयोग गर्न । | ▪ शिक्षकले विद्यार्थीलाई पाठ्यपुस्तकमा पढिसकेका र प्रचलित अन्य शब्दहरू ह्रस्वदीर्घ मिलाएर लेख्न लगाउने । | ▪ ठीक तरिकाले लेखेनलेखेको अवलोकन गर्ने । | |
| | | ▪ चन्द्रबिन्दु र शिरबिन्दुको प्रयोग गर्न । | ▪ शिक्षकले विद्यार्थीले पाठमा पढिसकेका र शिरबिन्दु र चन्द्रबिन्दु लागेका अन्य शब्द भन्ने र लेख्न लगाउने । | ▪ ठीक तरिकाले लेखेनलेखेको अवलोकन गर्ने । | |
| | | ▪ परिचित शब्दहरू ह्रस्वदीर्घ मिलाएर लेख्न । | ▪ शिक्षकले विभिन्न प्रकारका संयुक्त वर्ण प्रयोग भएका शब्दहरू हिज्जे मिलाई शुद्ध र स्पष्टसँग लेख्ने अभ्यास गराउने । | ▪ ठीक तरिकाले लेखेनलेखेको अवलोकन गर्ने । | |
| | १८. बान्की मिलेका वर्णहरू ठीक दुरीमा लेख्न । | ▪ बान्की मिलेका वर्णहरू ठीक दुरीमा लेख्न । | ▪ शिक्षकले वर्णमालाका सबै वर्णहरू सफा र शुद्धसँग तथा दुरी मिलाएर लेख्न लगाउने । | ▪ वर्णहरू सफासँग र ठीक दुरीमा लेखेनलेखेको हेरी जाँच्ने । | |
| | १९. शुद्ध र सफासँग अनुलेखन गर्न । | ▪ शुद्ध र सफासँग अनुलेखन गर्न । | ▪ पाठ्यपुस्तकका विशेषत: कथा र निबन्ध विधाका सरल अनुच्छेदहरू सार्न लगाउने र ठीकसँग सार्न अभिप्रेरित गर्ने । | ▪ विद्यार्थीले सारेका वाक्य/अनुच्छेद जाँचिदिने । | |
| | २०. सरल अनुच्छेदको श्रुतिलेखन गर्न । | ▪ सरल अनुच्छेद श्रुतिलेखन गर्न । | ▪ सरल अनुच्छेद शिक्षकले शुद्ध उच्चारण गरी सुनाउने र विद्यार्थीलाई सुनेका आधारमा लेख्न लगाउने । | ▪ सुनेका आधारमा ठीक तरिकाले लेखेनलेखेको हेरी जाँचिदिने । | |
| | २१. निर्देशनका आधारमा तथा स्वतन्त्र रूपमा छोटा रचना तयार गर्न । | ▪ निर्देशनका आधारमा शुभकामना पत्र, चिठी र विद्यालयको निवेदन लेख्न । | ▪ शिक्षकले शुभकामना पत्र, चिठी र निवेदनका नमुना देखाउने, छलफल गराउने र केही भाग भर्नुपर्ने गरी तिनै रचनाका नमुना दिएर पूरा गर्न लगाउने । | ▪ दिइएको निर्देशनअनुसार विद्यार्थीले रचना तयार पारेनपारेको हेरी जाँचिदिने । | |
| | | ▪ स्वतन्त्र रूपमा शुभकामना पत्र, चिठी र विद्यालयको निवेदन लेख्न । | ▪ शिक्षकले विषय दिई विद्यार्थीलाई शुभकामना पत्र, चिठी र विद्यालयीय निवेदन लेख्न लगाउने । | ▪ शुभकामना पत्र, चिठी र विद्यालयीय निवेदन ठीक तरिकाले लेखेनलेखेको अवलोकन गरी जाँच्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | सिकाइ उपलब्धिको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| | २२. पूर्णविराम, अल्पविराम प्रश्नवाचक र उद्धरण चिह्नको प्रयोग गर्न । | ▪ पूर्णविराम, अल्पविराम प्रश्नवाचक र उद्धरण चिह्नको प्रयोग गर्न । | ▪ शिक्षकले पूर्णविराम, अल्पविराम, प्रश्न चिह्न र उद्धरण चिह्न प्रयोग गर्नुपर्ने खालका वाक्यहरू लेखि/भनिदिने र विद्यार्थीले लेखेका वाक्यमा पूर्णविराम चिह्न (।), अल्पविराम (,), प्रश्नवाचक चिह्न (?) र उद्धरण (' ' " ") प्रयोग गर्न लगाउने । | ▪ तलका वाक्यका पछि पूर्णविराम (।) राख :<br>राम घर जान्छ सीता पाठ पढ्छे<br>▪ अल्पविराम (,) चिह्न राख :<br>सुमा अनिता र सुनिता बजार जान्छन् ।<br>▪ प्रश्नवाचक चिह्न (?) राख :<br>तिम्रो नाम के हो<br>तिमी कति कक्षामा पढ्छौ<br>▪ उद्धरण चिह्न राख :<br>उसले भन्यो, म प्रथम भएँ । | |
| ***कार्यमूलक व्याकरण**<br>(क) पदसङ्गति | २३. वचन, लिङ्ग, पुरुष र आदरसँग क्रियापदको मेल गराएर बोल्न र लेख्न । | ▪ एकवचनका दुई वा दुईभन्दा बढी पदबाट बहुवचनअनुसार कर्तासँग क्रियाको मेल गर्न । | ▪ शिक्षकले एकवचनका दुई वा दुईभन्दा बढी पदबाट बहुवचन अर्थ लिने कर्तासँग क्रियाको मेल गराउन अभ्यास गराउने । जस्तै :<br>एकवचन बहुवचन<br>भाइ पढ्छ ।<br>बहिनी पढ्छे । भाइ र बहिनी पढ्छन् । | तलका एकवचनका दुई वाक्यबाट बहुवचन बनाऊ :<br>▪ भाइ लेख्छ/बहिनी लेख्छे ।<br>▪ श्याम आयो/रीता गई/म गएँ । | १३ घन्टी |
| | | ▪ पुलिङ्ग र स्त्रीलिङ्गअनुसार क्रियाको मेल गर्न । | ▪ शिक्षकले विद्यार्थीलाई पुलिङ्ग कर्ताअनुसार पुलिङ्ग क्रिया र स्त्रीलिङ्ग कर्ताअनुसार स्त्रीलिङ्ग क्रिया प्रयोग गरी बोल्न र लेख्न लगाउने जस्तै : केटो आयो । केटी आई । | ▪ कुन ठीक हो भन :<br>केटो आयो ।<br>केटी आयो ।<br>बहिनी आई ।<br>भाइ आई । | |

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | सिकाइ उपलब्धिको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| | | ▪ 'म', 'तँ', 'तिमी', तपाईं, 'ऊ' 'उनी' र 'त्यो' कर्तासँग उपयुक्त क्रियाको प्रयोग गर्न । | ▪ शिक्षकले 'म पढ्छु, म खान्छु, तँ पढ्छस्, तिमी पढ्छौ, तिमी खेल्छौ, तपाईं पढ्नुहुन्छ, ऊ पढ्छ, उनी पढ्छन्, उनी पढ्छिन्, त्यो राम्ररी हाँस्छ ।' जस्ता थुप्रै वाक्यका उदाहरण दिई 'म', 'तँ', 'तिमी', तपाईं, 'ऊ', 'उनी' कर्तासँग उपयुक्त क्रिया प्रयोग गरी बोल्ने र लेख्ने अभ्यास गराउने । | ▪ कुन ठीक हो भन :<br>म खान्छ ।<br>म आयो ।<br>तिमी खान्छौ ।<br>तिमी जा ।<br>म पढ्छु ।<br>त्यो आउँछ ।<br>तपाईं पढ्छ । आदि । | |
| | | ▪ बा, आमा, दाजु, दिदी, भाइ, बहिनीजस्ता पदसँग क्रियाको मेल गर्न । | ▪ शिक्षकले बा आउनुभयो, आमा जानुभयो, दाजु पढ्नुहुन्छ, दिदी गाउनुहुन्छ, भाइ पढ्छ जस्ता थुप्रै वाक्यका उदाहरण दिई बा, आमा, दाजु, दिदी, भाइ, बहिनीजस्ता पदसँग क्रियाको मेल गरी बोल्ने र लेख्ने अभ्यास गराउने । | ▪ कुन वाक्य ठीक छैन, भन :<br>बा आयो ।<br>आमा आउनुभयो ।<br>दाजु जानुभयो ।<br>दिदी पढ्छ ।<br>बहिनी आई आदि । | |
| | | ▪ विशेषण र विशेष्यको सङ्गति मिलाएर बोल्न र लेख्न । | ▪ शिक्षकले 'अग्लो मान्छे आयो, रातो कलम टिप, सेतो हिमाल देखियो ' जस्ता वाक्यका उदाहरणबाट विशेषण र विशेष्य चिनाई अभ्यास गराउने । | कुन वाक्य ठीक छैन, छुट्याऊ :<br>▪ अग्लो केटी आई ।<br>▪ पहेँलो सुन्तला खाऊ । | |
| **(ख) क्रियाको काल** | २४. सामान्य वर्तमानकाल, सामान्य भूतकाल र सामान्य भविष्यत्काल प्रयोग गरी बोल्न र लेख्न । | ▪ सामान्य वर्तमान काल प्रयोग गरी बोल्न र लेख्न । | ▪ शिक्षकले सामान्य वर्तमान कालमा उत्तर आउने खालका विभिन्न प्रश्न सोधी अभ्यास गराउने । जस्तै : भाइ के गर्छ ? तिमी के गर्छौ ? तिम्री आमा के गर्नुहुन्छ ? | तलका प्रश्नको उत्तर भन :<br>(क) चरो कहाँ बस्छ ?<br>(ख) आमा के काम गर्नुहुन्छ ?<br>(ग) तिमी कतिखेर उठ्छौ ? आदि । | |
| | | ▪ सामान्य भूतकालको प्रयोग गरी बोल्न र लेख्न । | ▪ शिक्षकले सामान्य भूतकालमा उत्तर आउने खालका विभिन्न प्रश्न सोधी उत्तर भन्न र लेख्न लगाउने । जस्तै : (क) तिमीले हिजो के गऱ्यौ ? यसरी नै विभिन्न कथा सुनाई भूतकालमा उत्तर आउने प्रश्न सोध्ने । जस्तै : .....कथामा .....ले के गऱ्यो ? | तलका प्रश्नको उत्तर भन :<br>(क) तिमीले हिजो के गऱ्यौ ?<br>(ख) ..... कथामा .....ले के गऱ्यो ? | |
| | | ▪ सामान्य भविष्यत् कालको प्रयोग गरी बोल्न र लेख्न । | ▪ शिक्षकले सामान्य भविष्यत्कालमा उत्तर आउने खालका विभिन्न प्रश्न सोधी अभ्यास गराउने । जस्तै : तीन कक्षा पास गरेपछि तिमी के गर्ने छौ ? | तलका प्रश्नको उत्तर भन :<br>(क) यसपालिको बिदामा तिमी कहाँ जाने छौ ?<br>(ख) एक हजार रुपियाँ पायौ भने तिमी के गर्ने छौ ? | |

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | सिकाइ उपलब्धिको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| **शब्दार्थ | २५. शब्दभण्डार वृद्धि गर्न । | ▪ चित्र हेरेर शब्द भन्न र लेख्न । | ▪ विद्यार्थीलाई स्थानीय परिवेशका र अन्य विभिन्न चिजवस्तुका चित्र देखाएर तिनको नाम भन्न, लेख्न र मौखिक वर्णन गर्न लगाउने । | ▪ चित्रअनुसारका नाम भन्न, लेख्न र वर्णन गर्न सकेनसकेको अवलोकन गर्ने । | |
| | | ▪ शब्दअनुसार चित्र बनाउन । | ▪ विद्यार्थीलाई विभिन्न शब्द सुनाउने र उनीहरूकै धारणाअनुसार तिनको चित्र बनाउन लगाउने । | ▪ शब्दअनुसारका चित्र बनाएनबनाएको अवलोकन गर्ने । | |
| | | ▪ सन्दर्भअनुसार शब्दको अर्थ बताउन । | ▪ विद्यार्थीलाई सन्दर्भअनुसार अर्थ बताउन र उपयुक्त वाक्यमा प्रयोग गर्न लगाउने । | ▪ शब्दको अर्थ बुझ्नेनबुझेको, प्रयोग सन्दर्भअनुसार अर्थ बुझ्नेनबुझेको र अर्थ बुझेर वाक्यमा प्रयोग गरेनगरेको जाँच्ने । | |
| | | ▪ आफूले जानेका शब्द प्रयोग गरी आफ्ना अनुभवका कुरा भन्न र लेख्न । | ▪ विद्यार्थीलाई उनीहरूले जानेका शब्द लेख्न र ती शब्द प्रयोग गरी आफूले अनुभव गरेका कुरा भन्न र लेख्न लगाउने । | ▪ शब्दको सही अर्थ जानेर प्रयोग गरेनगरेको जाँच्ने । | |

* कार्यमूलक व्याकरण बोलाइ र लेखाइका लागि मात्र हो ।

** कक्षा ४ मा कम्तीमा छ, सात शब्दसम्मका वाक्य बोल्न र लेख्न सक्ने अपेक्षा गरिएको छ ।

** कक्षा ४ मा आफ्नो परिवेश र अन्य क्षेत्रका २५०० शब्दसम्मको शब्द भण्डार वृद्धि गर्नु अपेक्षित छ ।
*यो कक्षा ४ मा सबै विषय पढ्दा विकास हुने अपेक्षा हो । नेपाली विषयमा मात्र यी शब्दको शब्दसीमा खोजी गर्न आवश्यक छैन तर बढी शब्द तथा वाक्य प्रयोग गर्ने पक्षमा भने ध्यान दिनुपर्छ ।*

कक्षा : ५

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | सिकाइ उपलब्धिको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार २५६ घन्टी |
|---|---|---|---|---|---|
| सुनाइ | १. निर्देशन तथा अनुरोध सुनेर पालन गर्न । | ▪ एकैपटकमा दिएका दिशानिर्देशका कुरा सुनेर ठाउँ पत्ता लगाउन ।<br>▪ अनुरोध सुनेर पालना गर्न । | ▪ एकैपटकमा एकभन्दा बढी दिशानिर्देशन दिई कार्य गर्न लगाउने (जस्तै : सीधा पश्चिम जाऊ । चोक आएपछि दायाँ लाग । सानो गल्ली भेटेपछि सय फिट पूर्व जाऊ ।)<br>▪ कुनै प्रकारको अनुरोध एक विद्यार्थीबाट सुन्ने सुनाउने । | ▪ निर्देशन दिएअनुसार विद्यार्थीले काम गरेनगरेको अवलोकन गर्ने ।<br>▪ सुनेका अनुरोध ठीक ढङ्गले पालना गरे नगरेको अवलोकन गर्ने । | ३८ घन्टी |
| | | ▪ साधारण सूचना सुनेर कसैलाई बताउन । | ▪ शिक्षकले साधारण सूचना विद्यार्थीलाई सुनाएर सोही सूचना अर्को विद्यार्थीलाई भन्न लगाउने । | ▪ सूचना सुनेको विद्यार्थीले सुनेको कुरा बताएनबताएको ख्याल गर्ने । | |
| | २. आशयगत अर्थ दिने साधारण वाक्य सुनेर त्यसको आशय बताउन । | ▪ आशयगत अर्थ दिने साधारण वाक्य सुनेर त्यसको आशय बताउन । | ▪ विद्यार्थीलाई 'घाम डुबे । छोराले नाक काट्यो', भन्ने जस्ता वाक्य सुनाई तिनको आशय बताउन लगाउने । | ▪ वाक्यको ठीक अर्थ बुझेनबुझेको सुनेर प्रतिक्रिया दिने । | |
| | ३. विशेष परिवेशमा भएका कुराकानी, छलफल, वर्णन सुनेर प्रतिक्रिया जनाउन । | ▪ विशेष परिवेशमा (मन्दिर, हाटबजार, मेला, भेला, जात्रा आदि) हुने कुराकानी, छलफल, वर्णन सुनी प्रतिक्रिया जनाउन । | ▪ शिक्षकले विद्यार्थीहरूलाई मन्दिर, हाटबजार, मेला, भेला, जात्रा आदि ठाउँमा घुमाउन लैजाने र विद्यार्थीले ती ठाउँमा सुनेका कुराहरू भन्न तथा ती ठाउँप्रतिको उनीहरूको प्रतिक्रिया व्यक्त गर्न लगाउने । | ▪ विद्यार्थीहरूले आफूले घुमेका ठाउँबारे भनेका र प्रतिक्रिया जनाएका विषयका बारेमा ठीक वा बेठीक भनी शिक्षकले पनि प्रतिक्रिया दिने । | |
| | ४. आफ्नो परिवेशमा आयोजना हुने कार्यक्रम सुनेर प्रतिक्रिया दिन । | ▪ आफ्नो परिवेशमा आयोजना हुने कार्यक्रम (वादविवाद, कथावाचन, प्रवचन, नाटक, लोकगीत आदि) सुनेर प्रतिक्रिया दिन । | ▪ शिक्षकले स्थानीय क्षेत्रमा हुने वादविवाद, कथावाचन, नाटक, प्रवचन, लोकगीत आदिमा संलग्न गराई आफ्नो प्रतिक्रिया व्यक्त गर्न लगाउने । | ▪ वादविवाद, कथा, प्रवचन, नाटक, लोकगीत आदि ठीक तरिकाले सुनेनसुनेको अवलोकन गर्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | सिकाइ उपलब्धिको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| | ५. विद्युतीय सञ्चार माध्यमबाट प्रसारित बाल उपयोगी कार्यक्रम सुनेर प्रतिक्रिया जनाउन । | ▪ रेडियो टेलिभिजनमा प्रसारण भएका बाल उपयोगी कार्यक्रम सुनेर प्रतिक्रिया जनाउन । | ▪ शिक्षकले विद्यार्थीलाई आफ्नो घर, परिवार र समुदायमा रेडियो/टिभीमा प्रसारण हुने उनीहरूका लागि उपयोगी विभिन्न कार्यक्रम सुनेर ती कार्यक्रमका राम्रा पक्ष टिपोट गर्न निर्देशन दिने । | ▪ विद्यार्थीलाई रेडियो/टिभीमा सुनेका बालगीत, कविता तथा कथाको मुख्य अंश भन्न लगाउने । (यो सुनाइ सीप विकासका लागि मात्र हो । उनीहरूले भन्न नसके पनि सुन्न उत्प्रेरित गर्ने) | |
| बोलाइ | ६. संयुक्त वर्ण भएका शब्दहरूको शुद्ध उच्चारण गरी स्वाभाविक गतिमा बोल्न । | ▪ संयुक्त वर्ण भएका शब्दहरूको शुद्ध उच्चारण गरी स्वाभाविक गतिमा बोल्न । | ▪ संयुक्त वर्ण भएका खेल्यो, भन्यो, गर्थ्यो, च्याट्ट, ट्वाक्क, खुर्र, भुर्र, आँखा, दाँत, घाँटी, बाँदर, मांस, भैँसी, काँध, टाँक, भाँडा, भँडार, ब्युँझनु, ब्वाँसो आदि जस्ता शब्दहरू सुनाएर शुद्धसँग उच्चारण गर्न लगाउने । | ▪ शुद्ध उच्चारण गरेनगरेको सुन्ने । | ३८ घन्टी |
| | | ▪ अँ, चाहिँ, नि जस्ता थेगो प्रयोग नगरी स्वभाविक गतिमा बोल्न । | ▪ विद्यार्थीलाई थेगोको प्रयोग नगरी स्वाभाविक गतिमा बोल्न लगाउने । | ▪ थेगो प्रयोग नगरी स्वाभाविक गतिमा बोलेनबोलेको अवलोकन गर्ने । | |
| | ७. शिष्टाचारका शब्द प्रयोग गरी बोल्न । | ▪ नमस्ते/नमस्कार, तिमी, तपाईं, हजुर, धन्यवाद, माफ गर्नुहोस्, क्षमा गर्नुहोला, कृपया, हवस् आदि शिष्टाचारका शब्द प्रयोग गर्न । | ▪ शिक्षकले विद्यार्थीलाई उल्लिखित शब्द प्रयोग गरी शिष्टाचार गर्न सिकाउने र विद्यार्थीलाई सोहीअनुसार गर्न प्रेरित गर्ने । | ▪ विद्यार्थीलाई शिष्टाचारका शब्द प्रयोग गरी बोल्न लगाउने र शिष्टाचार प्रयोग गरेनगरेको अवलोकन गर्ने (यसमा शब्द प्रयोग पक्षलाई मात्र जोड दिने ।) | |
| | ८. सामान्य विषयमा धक नमानी सोधपुछ, कुराकानी, प्रश्नोत्तर, वर्णन र छलफल गर्न । | ▪ चित्र वस्तु, घटना, पढेका र अनुभव गरेका कुरा, सिलसिला मिलाएर स्वाभाविक गतिमा मौखिक वर्णन गर्न । | ▪ शिक्षकले विद्यार्थीलाई उनीहरूले देखेका, सुनेका र पाठ्यपुस्तक तथा अन्य सामग्रीमा पढेका चित्र, वस्तु, घटना र अनुभव गरेका कुराहरूको मौखिक वर्णन गर्न लगाउने । यस क्रममा उनीहरूलाई पर्याप्त वर्णन, छलफल, प्रश्नोत्तरको अभ्यास गराउने । | ▪ शिक्षकले केही विद्यार्थीहरूले जानेसुनेका विषय, कुराकानी, छलफल, प्रश्नोत्तर र वर्णन गरेको सुन्ने । | |
| | ९. उपयुक्त विषय वा प्रसङ्गमा हाउभाउसहित संवाद, अभिनय र उद्घोषण गर्न । | ▪ उपयुक्त विषय वा प्रसङ्गमा हाउभाउसहित संवाद, अभिनय र उद्घोषण गर्न । | ▪ शिक्षकले कुनै विषय वा प्रसङ्ग दिई संवाद, अभिनय वा उद्घोषण गराउने । | ▪ उपयुक्त ढङ्गले संवाद गरेनगरेको अभिनय गरेनगरेको वा उद्घोषण गरेनगरेको अवलोकन गर्ने । | |
| | १०. गति, यति र लय मिलाई गीत, कविता भन्न । | ▪ बालगीत र कविताहरू गति, यति र लय मिलाई व्यक्तिगत तथा समूहमा हाउभाउसहित गाउन । | ▪ विद्यार्थीलाई बालगीत र कविताहरू हाउभाउसहित सुनाउने र व्यक्तिगत तथा सामूहिक रूपमा गाउन लगाउने । | ▪ हाउभाउ मिलाएर गाएनगाएको अवलोकन गर्ने । | |
| | ११. आफूले जानेका बालकथा, गाउँखाने कथा र चुट्किला भन्न । | ▪ आफूले जानेका बालकथा, गाउँखाने कथा र चुट्किला भन्न । | ▪ शिक्षकले विद्यार्थीलाई उनीहरूले जानेका बालकथा, गाउँखाने कथा, र चुट्किला भन्न लगाउने र उनीहरूले भन्न नसकेका ठाउँमा सहयोग गरी कथा पूरा गर्न उत्प्रेरित गर्ने । | ▪ विद्यार्थीले भनेका कथा, गाउँखाने कथा, चुट्किला सुन्ने<br>▪ विद्यार्थीलाई कथा, गाउँखाने कथा, चुट्किला भन्न लगाउने । | |

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | सिकाइ उपलब्धिको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| पढाइ | १२. गति, यति, लय र भाव मिलाई पढ्न । | ▪ लेखिएका कुराहरू गति, यति, लय र भाव मिलाएर स्पष्ट उच्चारण गरी पढ्न । | ▪ शिक्षकले विद्यार्थीलाई पाठ्यपुस्तकका पाठहरू एवम् आवश्यकतानुसार अन्य पाठ्यसामग्रीहरू पढ्न दिई गति, यति, लय र भाव मिलाएर स्पष्ट उच्चारण गरी पढ्न लगाउने । | ▪ ठीक तरिकाले पढेनपढेको अवलोकन गर्ने (अवलोकन गर्दा गति, यति, लय र भाव मिलाएनमिलाएको समेत ख्याल गर्ने ।) | ७७ घन्टी |
| | १३. पोस्टर, भित्तेपात्रो, हस्तलिखित र विज्ञापनका सामग्री आदि पढ्न । | ▪ पोस्टर, भित्तेपात्रो, हस्तलिखित र विज्ञापनका सामग्री आदि पढ्न । | ▪ शिक्षकले विद्यार्थीलाई विभिन्न ठाउँमा लगी पोस्टर भित्तेपात्रो, हस्तलिखित र विज्ञापनका सामग्री पढ्न लगाउने र पढिसकेपछि उनीहरूले पढेका कुरा भन्न लगाउने । | ▪ पोस्टरहरू, भित्तेपात्रो र हस्तलिखित र विज्ञापनका सामग्री ठीक तरिकाले पढेनपढेको अवलोकन गर्ने । | |
| | १४. चिठीपत्र, समाचार र अन्य विवरणहरू पढ्न । | ▪ चिठीपत्र, समाचार र अन्य विवरणहरू पढ्न । | ▪ शिक्षकले विद्यार्थीलाई विद्यालयमा प्रयोग हुने चिठीपत्र, समाचार र अन्य विवरणहरू पढ्न दिई तिनका बारेमा प्रश्नोत्तर गराउने । | ▪ विद्यार्थीले चिठीपत्र, समाचार र अन्य विवरण पढेको सुनेर जाँच्ने । | |
| | १५. बाल साहित्यहरू सस्वर र मौन रूपमा पढ्न । | ▪ सरल वर्णन यति, गति मिलाई सस्वर पढ्न । | ▪ विद्यार्थीलाई पाठ्यपुस्तकका प्रबन्ध, जीवनी आदि गद्य पाठहरू गति, यति मिलाई सस्वर पढ्न लगाउने । | ▪ पढ्न दिएका सामग्रीहरू सस्वर पढेनपढेको ख्याल गरी मूल्याङ्कन गर्ने । | |
| | | ▪ सरल कथा/कविताहरू हाउभाउसहित पढ्न । | ▪ पाठ्यपुस्तकमा भएका बालगीत/कथाहरू र अन्य बाल साहित्यका सामग्रीहरू विद्यार्थीलाई व्यक्तिगत र सामूहिक रूपमा लय मिलाएर पढ्न लगाउने । | ▪ पढ्न दिएका सामग्रीहरू सस्वर पढेनपढेको ख्याल गरी मूल्याङ्कन गर्ने । | |
| | | ▪ सरल बालसाहित्यको मौन पठन गर्न । | ▪ विद्यार्थीलाई बालसाहित्य मौनपठन गर्न लगाई प्रश्नोत्तर गराउने । | ▪ विद्यार्थीले ठीक तरिकाले मौनपठन गरेनगरेको र प्रश्नको उत्तर ठीक तरिकाले दिएनदिएको अवलोकन गर्ने । | |
| लेखाइ | १६. चित्र र अन्य उपयुक्त विषयवस्तुको लिखित वर्णन गर्न । | ▪ आफूलाई मन पर्ने चित्रहरू र अन्य उपयुक्त विषयवस्तुको लिखित वर्णन गर्न । | ▪ शिक्षकले विद्यार्थीलाई मन पर्ने चित्र लिखित वर्णन गर्न लगाउने । यसै गरी उनीहरूले जानेका सरल विषयको वर्णन गर्न पनि लगाउने । | ▪ चित्र तथा अन्य सरल विषयको लिखित वर्णन गर्न लगाउने र वर्णन गर्न सकेनसकेको अवलोकन गर्ने । | ९० घन्टी |

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | सिकाइ उपलब्धिको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| | १७. हिज्जे मिलाएर शब्द लेख्न । | ▪ छ्य, क्ष, व-ब, श-ष-स को सही प्रयोग गर्न । | ▪ शिक्षकले पाठ्यपुस्तकमा पढेका र पाठ्यपुस्तक बाहिरका उल्लिखित वर्ण प्रयोग भएका शब्द लेखन अभ्यास गराउने | ▪ ठीक तरिकाले लेखेनलेखेको अवलोकन गर्ने । | |
| | | ▪ संयुक्त वर्णको सही प्रयोग गर्न । | ▪ शिक्षकले विभिन्न प्रकारका संयुक्त वर्ण प्रयोग भएका शब्दहरू हिज्जे मिलाई शुद्ध र स्पष्टसँग लेख्ने अभ्यास गराउने । | ▪ ठीक तरिकाले लेखेनलेखेको अवलोकन गर्ने । | |
| | | ▪ चन्द्रबिन्दु र शिरबिन्दुको प्रयोग गर्न । | ▪ शिक्षकले विद्यार्थीले पाठमा पढिसकेका र अन्य शिरबिन्दु र चन्द्रबिन्दु लागेका शब्द भन्ने र लेख्न लगाउने । | ▪ ठीक तरिकाले लेखेनलेखेको अवलोकन गर्ने । | |
| | | ▪ परिचित शब्दहरू ह्रस्वदीर्घ मिलाएर लेख्न । | ▪ शिक्षकले विद्यार्थीलाई पाठ्यपुस्तकमा पढिसकेका र अन्य शब्दहरू ह्रस्वदीर्घ मिलाएर लेख्न लगाउने । | ▪ ठीक तरिकाले लेखेनलेखेको अवलोकन गर्ने । | |
| | १८. शुद्ध र सफासँग अनुलेखन गर्न । | ▪ शुद्ध र सफासँग अनुलेखन गर्न । | ▪ पाठ्यपुस्तकका विशेषत: कथा र निबन्ध विधाका सरल अनुच्छेदहरू सार्न लगाउने र ठीकसँग सार्न अभिप्रेरित गर्ने । | ▪ विद्यार्थीले सारेका वाक्य/अनुच्छेद जाँचिदिने । | |
| | १९. सरल अनुच्छेदको श्रुतिलेखन गर्न । | ▪ सरल अनुच्छेद श्रुतिलेखन गर्न । | ▪ विद्यार्थीले जानिसकेका तथा अन्य सरल अनुच्छेद शिक्षकले शुद्ध उच्चारण गरी सुनाउने र विद्यार्थीलाई सुनेका आधारमा लेख्न लगाउने । | ▪ सुनेका आधारमा ठीक तरिकाले लेखेनलेखेको हेरी जाँचिदिने । | |
| | २०. निर्देशनका आधारमा र स्वतन्त्र रूपमा रचना तयार गर्न । | ▪ निर्देशनका आधारमा शुभकामना पत्र, चिठी विद्यालयको निवेदन दैनिकी, वर्णनात्मक प्रबन्ध र कथा लेख्न । | ▪ शिक्षकले शुभकामना पत्र, चिठी निवेदन, दैनिकी, वर्णनात्मक प्रबन्ध र कथाका नमुना देखाउने, छलफल गराउने र केही भाग भर्नुपर्ने गरी तिनै रचनाका नमुना दिएर पूरा गर्न लगाउने । | ▪ दिइएको निर्देशनअनुसार विद्यार्थीले रचना तयार पारेनपारेको हेरी जाँचिदिने । | |
| | | ▪ स्वतन्त्र रूपमा शुभकामना पत्र, चिठी, विद्यालयको निवेदन दैनिकी, वर्णनात्मक प्रबन्ध र कथा लेख्न । | ▪ शिक्षकले विषय दिई विद्यार्थीलाई शुभकामना पत्र, चिठी, विद्यालयीय निवेदन दैनिकी, वर्णनात्मक प्रबन्ध र कथा लेख्न लगाउने । | ▪ शुभकामना पत्र, चिठी, विद्यालयीय निवेदन दैनिकी, वर्णनात्मक प्रबन्ध र कथा ठीक तरिकाले लेखेनलेखेको अवलोकन गरी जाँच्ने । | |
| | | ▪ समूहमा भित्तेपात्रो लेख्न र सम्पादन गर्न । | ▪ विद्यार्थीलाई सामूहिक रूपमा भित्तेपात्रो लेखी सम्पादन गर्न लगाउने । | ▪ भित्तेपात्रो ठीक तरिकाले लेखी सम्पादन गरेनगरेको अवलोकन गर्ने । | |

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | सिकाइ उपलब्धिको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| | २१. पूर्णविराम, अल्पविराम प्रश्नवाचक, उद्धरण र विस्मयादिबोधक चिह्नको प्रयोग गर्न । | ▪ पूर्णविराम, अल्पविराम प्रश्नवाचक, उद्धरण र विस्मयादिबोधक चिह्नको प्रयोग गर्न । | ▪ शिक्षकले पूर्णविराम, अल्पविराम, प्रश्न चिह्न र उद्धरण चिह्न प्रयोग गर्नुपर्ने खालका वाक्यहरू लेखिदिने वा भनिदिने र विद्यार्थीले लेखेका वाक्यमा पूर्णविराम चिह्न (।), अल्पविराम (,), प्रश्नवाचक चिह्न (?) उद्धरण चिह्न (‘ ’ “ ”) र विस्मयसूचक चिह्न (!) प्रयोग गर्न लगाउने । | **तलका वाक्यका पछि पूर्णविराम (।) राख :**<br>फतिमा पाठ पढ्छे रहिम कुरान पढ्छ<br>**अल्पविराम (,) चिह्न राख :**<br>हरि, कृष्ण र बलराम बाटो खन्छन्<br>**प्रश्नवाचक चिह्न (?) राख :**<br>तिम्रो नाम के हो<br>तिमी कति कक्षामा पढ्छौ<br>**उद्धरण चिह्न राख :**<br>उसले भन्यो, आज छुट्टी छ<br>**तलका वाक्यमा विस्मयादिबोधक चिह्न राख :**<br>आहा क्या राम्रो फूल<br>तिमी कुद्न सक्छौ | |
| ***कार्यमूलक व्याकरण**<br>(क) पदसङ्गति | २२. वचन, लिङ्ग, पुरुष र आदरसँग क्रियापदको मेल गराएर बोल्न र लेख्न । | ▪ एकवचनका दुई वा दुईभन्दा बढी पदबाट बहुवचन अर्थ लिने कर्तासँग क्रियाको मेल गर्न । | ▪ शिक्षकले एकवचनका दुई वा दुईभन्दा बढी पदबाट बहुवचन अर्थ लिने कर्तासँग क्रियाको मेल गराउन अभ्यास गराउने । जस्तै :<br>एकवचन　　बहुवचन<br>रमेश लेख्छ ।<br>रीता लेख्छे ।　　रमेश र सीता लेख्छन् । | तलका एकवचनका दुई वाक्यबाट बहुवचन बनाऊ ।<br>▪ भाइ लेख्छ/बहिनी लेख्छे ।<br>▪ श्याम आयो/रीता गई/म गएँ । | १३ घन्टी |
| | | ▪ पुलिङ्ग र स्त्रीलिङ्गअनुसार क्रियाको मेल गर्न । | ▪ शिक्षकले विद्यार्थीलाई पुलिङ्ग कर्ताअनुसार पुलिङ्ग क्रिया र स्त्रीलिङ्ग कर्ताअनुसार स्त्रीलिङ्ग क्रिया प्रयोग गरी बोल्न र लेख्न लगाउने जस्तै : केटो आयो । केटी आई । | ▪ कुन ठीक हो भन :<br>केटो आयो ।<br>केटी आयो ।<br>बहिनी आई ।<br>भाइ आई । | |

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | सिकाइ उपलब्धिको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| | | ▪ आदर पदसँग क्रियाको मेल गर्न । | ▪ शिक्षकले तँ, तिमी, तपाईं, हजुर, ऊ, उनी, उहाँ जस्ता आदर पदसँग क्रियाको मेल गराई बोल्ने र लेख्ने अभ्यास गराउने । | ▪ आदर पदसँग क्रियाको मेल ठीक तरिकाले गरेनगरेको अवलोकन गर्ने । | |
| | | ▪ विशेषण र विशेष्यको सङ्गति मिलाएर बोल्न र लेख्न । | ▪ शिक्षकले 'ठूलो हात्ती आयो, रातो फूल टिप, सेतो हिमाल देखियो ' जस्ता वाक्यका उदाहरणबाट विशेषण र विशेष्य चिनाई अभ्यास गराउने | कुन वाक्य ठीक छैन, छुट्याऊ :<br>▪ पहेँलो मान्छे उभियो ।<br>▪ पहेँलो फूल टिप । | |
| **(ख) क्रियाको काल** | २३. सामान्य वर्तमानकाल, सामान्य भूतकाल र सामान्य भविष्यत्काल प्रयोग गरी बोल्न र लेख्न । | ▪ सामान्य वर्तमान काल प्रयोग गरी बोल्न र लेख्न । | ▪ शिक्षकले सामान्य वर्तमानकालमा उत्तर आउने खालका विभिन्न प्रश्न सोधी अभ्यास गराउने । जस्तै : भाइ के गर्छ ? तिमी के गर्छौ ? तिम्री आमा के गर्नुहुन्छ ? | तलका प्रश्नको उत्तर भन :<br>(क) किसानले के गर्छ ?<br>(ख) आमा के काम गर्नुहुन्छ ?<br>(ग) तिमी कतिखेर उठ्छौ ? आदि । | |
| | | ▪ सामान्य भूतकालको प्रयोग गरी बोल्न र लेख्न । | ▪ शिक्षकले सामान्य भूतकालमा उत्तर आउने खालका विभिन्न प्रश्न सोधी उत्तर भन्न र लेख्न लगाउने जस्तै : (क) तिमीले हिजो के गऱ्यौ ? यसरी नै विभिन्न कथा सुनाई भूतकालमा उत्तर आउने प्रश्न सोध्ने । जस्तै : .....कथामा .....ले के गऱ्यो ? | तलका प्रश्नको उत्तर भन :<br>(क) तिमीले हिजो के गऱ्यौ ?<br>(ख) ..... कथामा .....ले के गऱ्यो ? | |
| | | ▪ सामान्य भविष्यत् कालको प्रयोग गरी बोल्न र लेख्न । | ▪ शिक्षकले सामान्य भविष्यत्कालमा उत्तर आउने खालका विभिन्न प्रश्न सोधी अभ्यास गराउने । जस्तै : तीन कक्षा पास गरेपछि तिमी के गर्ने छौ ? | तलका प्रश्नको उत्तर भन :<br>(क) भोलि तिमी कहाँ जाने छौ ?<br>(ख) एक हजार रुपियाँ पायौ भने तिमी के गर्ने छौ ? | |

| क्षेत्र | सिकाइ उपलब्धि/विशिष्ट उद्देश्य | सिकाइ उपलब्धिको विस्तृतीकरण | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|
| ****शब्दार्थ** | २४. शब्दभण्डार वृद्धि गर्न । | ▪ चित्र हेरेर शब्द भन्न र लेख्न । | ▪ विद्यार्थीलाई स्थानीय परिवेशका र अन्य विभिन्न चिजवस्तुका चित्र देखाएर तिनको नाम भन्न, लेख्न र मौखिक वर्णन गर्न लगाउने । | ▪ चित्रअनुसारका नाम भन्न, लेख्न र वर्णन गर्न सकेनसकेको अवलोकन गर्ने । | |
| | | ▪ शब्दअनुसार चित्र बनाउन । | ▪ विद्यार्थीलाई विभिन्न शब्द सुनाउने र उनीहरूकै धारणाअनुसार तिनको चित्र बनाउन लगाउने । | ▪ शब्दअनुसारका चित्र बनाएनबनाएको अवलोकन गर्ने । | |
| | | ▪ प्रयोग सन्दर्भ हेरी शब्दको अर्थ बताउन । | ▪ विद्यार्थीलाई सन्दर्भअनुसार शब्दको अर्थ बताउन र उपयुक्त वाक्यमा प्रयोग गर्न लगाउने । | ▪ शब्दको अर्थ बुझ्नेनबुझेको, प्रयोग सन्दर्भअनुसार अर्थ बुझ्नेनबुझेको र अर्थ बुझेर वाक्यमा प्रयोग गरेनगरेको जाँच्ने । | |
| | | ▪ आफूले जानेका शब्द प्रयोग गरी आफ्ना अनुभवका कुरा भन्न र लेख्न । | ▪ विद्यार्थीलाई उनीहरूले जानेका शब्द लेख्न र ती शब्द प्रयोग गरी आफूले अनुभव गरेका कुरा भन्न र लेख्न लगाउने । | ▪ शब्दको सही अर्थ जानेर प्रयोग गरेनगरेको जाँच्ने । | |

* कार्यमूलक व्याकरण बोलाइ र लेखाइका लागि मात्र हो ।

** कक्षा ५ मा कम्तीमा छ, सात शब्दसम्मका वाक्य बोल्न र लेख्न सक्ने अपेक्षा गरिएको छ ।

** कक्षा ५ मा आफ्नो परिवेश र अन्य क्षेत्रका ३००० शब्दसम्मको शब्द भण्डार वृद्धि गर्नु अपेक्षित छ ।
*यो कक्षा ५ मा सबै विषय पढ्दा विकास हुने अपेक्षा हो । नेपाली विषयमा मात्र यी शब्दको शब्दसीमा खोजी गर्न आवश्यक छैन तर बढी शब्द तथा वाक्य प्रयोग गर्ने पक्षमा भने ध्यान दिनुपर्छ ।*

## ५. पाठ्यभार वितरण तालिका

| भाषिक सीप | कक्षा ४ | | कक्षा ५ | |
|---|---|---|---|---|
| | पाठ्यभार | अङ्कभार % | पाठ्यभार | अङ्कभार % |
| सुनाइ | ३८ | १५ | ३८ | १५ |
| बोलाइ (उच्चारणसमेत) | ५१ | २० | ३८ | १५ |
| पढाइ (शब्द भण्डारसमेत) | ७७ | ३० | ७७ | ३० |
| लेखाइ (हिज्जे र चिह्न प्रयोगसमेत) | ७७ | ३० | ९० | ३५ |
| कार्यमूलक व्याकरण (पदसङ्गति मात्र) | १३ | ५ | १३ | ५ |
| जम्मा | २५६ | १०० | २५६ | १०० |

### ६. शिक्षण सिकाइ प्रक्रिया

प्राथमिक तहको भाषा शिक्षण सिकाइ प्रक्रियामा प्रशस्त अभ्यासको आवश्यकता पर्ने भएकाले यस तहमा सुनाइ र बोलाइका लागि कुराकानी, छलफल, प्रश्नोत्तर अभिनय तथा भूमिका निर्वाह, खेल, खोज जस्ता विद्यार्थीकेन्द्रित शिक्षण विधिको उपयोग गरिने छ । पढाइ र लेखाइ सीप विकासका लागि आवश्यकतानुसारका पढाइ र लेखाइसँग सम्बन्धित कार्यकलाप गराइने छ । शिक्षण सिकाइ प्रक्रियाको विवरण सिकाइ उपलब्धि/विषयवस्तु विस्तृतीकरणमा कक्षागत रूपमा दिइएको छ । प्राथमिक तहका सीपगत साझा शिक्षण सिकाइ प्रक्रियाका सम्भावित कार्यकलाप यसप्रकार छन् :

**(क) सुनाइ शिक्षणका सम्भाव्य कार्यकलापहरू**

- विद्यार्थीहरूलाई आँखा चिम्लन लगाई विभिन्न आवाज सुनाएर पहिचान गर्न लगाउने ।
- विभिन्न आवाजहरू सुनाएर त्यसअनुसार नक्कल गर्न लगाउने ।
- विद्यार्थी र उसको घरपरिवारका बारेमा प्रश्नोत्तर गर्ने ।
- विभिन्न निर्देशनहरू दिएर सोहीअनुसार गर्न लगाउने ।
- गफ, कुराकानी सुनाएर प्रतिक्रिया व्यक्त गर्न लगाउने ।
- विभिन्न रमाइला कथा, कविता आदि सुनाएर बालकविता गाउन र कथा भन्न लगाउने ।
- विभिन्न विषयवस्तु, घटना आदि सुनाएर त्यसका मुख्यमुख्य कुरा भन्न लगाउने ।
- विभिन्न विषयवस्तु, घटना आदिका बारेमा प्रश्नोत्तर र छलफल गराउने ।
- अन्ताक्षरी आदि शब्दखेल खेलाउने ।
- अक्षर, शब्द, वाक्य र अनुच्छेदको श्रुतिलेखन गराउने ।
- विद्युतीय सञ्चार साधनका कार्यक्रम सुनाएर प्रश्नोत्तर र छलफल गराउने ।

**(ख) बोलाइ शिक्षणका सम्भाव्य कार्यकलापहरू**

- वर्ण, अक्षर र शब्दको उच्चारण गर्न लगाउने ।
- कुनै विषयवस्तुका सम्बन्धमा प्रश्नोत्तर गराउने ।
- विद्यार्थीलाई विभिन्न वस्तु सङ्कलन गर्न लगाएर ती सामग्रीका बारेमा छलफल गर्न लगाउने ।
- बालगीतहरू गति, यति, लय मिलाई वाचन गरी सुनाउने र विद्यार्थीले सुनेजानेका त्यस्तै गीत गाउन लगाउने ।
- बालकथाहरू वाचन गरी सुनाउने र विद्यार्थीहरूले सुनेजानेका बालकथा भन्न लगाउने ।
- विद्यार्थीले देखे, सुनेका र अनुभव गरेका वस्तु, घटना, चित्र आदिका बारेमा वर्णन गर्न लगाउने ।
- साथीभाइ र समूहमा कुराकानी र छलफल गर्न लगाउने ।
- वादविवाद, अभिनय, भूमिका निर्वाह र उद्घोषण गर्न लगाउने ।
- कुनै सामान्य समस्या दिएर तर्क गर्न लगाउने ।

**(ग) पढाइ शिक्षणका सम्भाव्य कार्यकलापहरू**

- विभिन्न आकार र स्वरूपका वस्तु तथा चित्र देखाई फरक छुट्याउन लगाउने ।
- वस्तु र अक्षर सम्बन्धित गराएर अक्षर चिन्न अभ्यास गराउने ।
- अक्षर, शब्द छनोट गर्ने, जोडा मिलाउने खेल खेलाउने ।
- गोजीतालिकामा आकार, इकारपत्ती राखी त्यसमा अक्षरपत्ती जोड्दै मात्रा चिनाउने ।
- गोजीतालिका प्रयोग गरी शब्दपत्तीहरूको मध्यमबाट शब्द पढ्न लगाउने ।
- गोजीतालिकामा शब्दहरू राखी वाक्य बनाउने र पढ्ने अभ्यास गराउने ।
- गीत, कथा, संवाद आदिका अंश छानी गति, यति, लय र हाउभाउसहित सस्वर पढ्न लगाउने ।
- स-साना विवरण, सूचना, पाठ आदिको आशय बुझ्ने गरी पढ्न लगाएर प्रश्नोत्तर गर्ने ।
- पाठ पढ्न लगाएर त्यसमा भएका कुराहरूको सूची बनाउन लगाउने ।
- पढेका कुराको अर्थ र आशय भन्न लगाउने ।
- अनुच्छेद दिएर पढ्न लगाएर सोधिएका प्रश्नको उत्तर लेख्न लगाउने ।

**(घ) लेखाइ शिक्षणका सम्भाव्य कार्यकलापहरू**

- विभिन्न धर्का र आकार (त्रिभुज, वृत्त, चतुर्भुज, आदि) लेख्न लगाउने ।
- मन परेका चित्र कोर्न लगाएर त्यसको नाम समेत लेख्न लगाउने ।
- वर्णमालाका वर्णहरू लेख्न लगाउने ।
- शब्दको क्रम नमिलेका वाक्य दिएर क्रम मिलाई लेख्न लगाउने ।
- प्रश्नको उत्तर लेख्न लगाउने ।
- चित्र, वस्तु तथा वातावरण वर्णन गरी लेख्न लगाउने ।
- शब्द, वाक्य र छोटा अनुच्छेदको अनुलेखन गराउने ।
- अक्षर, शब्द र वाक्यको श्रुतिलेखन गराउने ।
- बुँदा, प्रश्न आदिका आधारमा साधारण चिठी, निवेदन, प्रबन्ध आदि लेख्न लगाउने ।
- विद्यार्थीलाई आफ्नो इच्छाअनुसारको लिखित रचना तयार गर्न लगाउने ।
- अरूले लेखेको सामग्री सम्पादन गर्न लगाउने ।
- भित्तेपत्रिका तयार गर्न लगाउने ।

**७. विद्यार्थी मूल्याङ्कन**

प्राथमिक तहमा विद्यार्थीको भाषिक सीपको मूल्याङ्कन निम्नलिखित तरिकाले गरिन्छ :

**सुनाइ**

सुनाइ सीप विकासका सम्भाव्य मूल्याङ्कन प्रक्रिया निम्नानुसार हुने छन् :

- भनेका कुरा विद्यार्थीले रुचि लिएर सुनेको छ/छैन अवलोकन गर्ने ।
- सोधेका कुराको जवाफ सुन्ने ।
- समूह छलफलमा विद्यार्थीको सहभागिता अवलोकन गर्ने ।
- निर्देशनअनुसार विद्यार्थीले ठीक ढङ्गले गरेनगरेको अवलोकन गर्ने ।
- श्रुतिलेखन गराएर जाँच्ने ।
- बालगीत गाएर सोहीअनुसार गाउन लगाउने ।
- कथा, घटना विवरण आदि सुनाएर मुख्यमुख्य कुरा भन्न लगाउने ।
- विद्युतीय सञ्चार माध्यमका कार्यक्रम सुनाएर मुख्य कुरा भन्न लगाउने ।

**बोलाइ**

बोलाइ सीप विकासका सम्भाव्य मूल्याङ्कन प्रक्रिया निम्नानुसार हुने छन् :

- अक्षर र शब्दको उच्चारण ठीक ढङ्गले गरेनगरेको सुन्ने ।
- सोधेका कुराको जवाफ सुन्ने ।
- समूह छलफलमा विद्यार्थीको सहभागिता अवलोकन गर्ने ।
- बालगीत गाउन लगाउने ।
- बाल कथा, चुट्किला आदि भन्न लगाउन ।
- वस्तु चित्र घटना वर्णन गर्न लगाउन ।
- उपयुक्त विषयवस्तु/समस्या दिएर तार्किक अभिव्यक्ति गर्न लगाएर ।
- उपयुक्त विषयवस्तु दिई संवाद, वादविवाद र उद्घोषण गर्न लगाएर अवलोकन गर्ने ।
- हाउभाउसाथ अभिनय गर्न लगाएर अवलोकन गर्ने ।

**पढाइ**

पढाइ सीप विकासका सम्भाव्य मूल्याङ्कन प्रक्रिया निम्नानुसार हुने छन् :

- कालोपाटीमा वा अक्षरपत्तीमा लेखिएका अक्षर पढ्न लगाउने ।
- अक्षर तथा शब्दपत्तीको खातबाट कुनै खास अक्षर र शब्द छान्न लगाउने ।
- शब्द र चित्रको जोडा मिलाउन लगाउने ।
- शब्द र वाक्य पढ्न लगाउने ।
- पाठभित्र वा बाहिरका कविता र उपयुक्त अनुच्छेद छनोट गरी गति, यति र लय सस्वरवाचन गर्न लगाएर सुन्ने ।
- पाठ्यपुस्तकभित्र वा बाहिरका पाठ्यसामग्री पढ्न लगाएर बोध प्रश्न सोध्ने ।

**लेखाइ**

लेखाइ सीप विकासका सम्भाव्य मूल्याङ्कन प्रक्रिया निम्नानुसार हुने छन् :

- विभिन्न आकार (घेरा, धर्का आदि) र चित्र कोर्न लगाएर जाँच्ने ।
- अक्षर, शब्द र वाक्य लेख्न लगाएर जाँच्ने ।
- अनुलेखन गराएर जाँच्ने ।
- शब्दको अर्थ र प्रश्नको उत्तर लेख्न लगाएर जाँच्ने ।
- अनुच्छेद लेख्न लगाएर जाँच्ने ।
- कुनै विषयवस्तु र अनुभव गरेका कुरा वर्णन गर्न लगाएर जाँच्ने ।
- स्वतन्त्ररूपमा कथा, कविता, प्रबन्ध लेख्न लगाएर जाँच्ने ।
- चिठी र निवेदन लेख्न लगाएर जाँच्ने ।
- विद्यार्थीले तयार गरेका रचना र भित्तेपात्रो आदि जाँच्ने ।
- अरूले लेखेका सामग्री सम्पादन गर्न लगाउने ।

**कार्यमूलक व्याकरण**

कक्षाअनुसारको बोलाइ र लेखाइका क्रियाकलाप अवलोकन गर्ने ।

*उपर्युक्तअनुसारका सीपको मूल्याङ्कनका साधनहरू गृहकार्य, कक्षाकार्य, कक्षा सहभागिता, व्यावहारिक परिवर्तन, उपलब्धि परीक्षा आदि हुने छन् ।*